का.जि.प्र.का.द.नं. १००/०५२/६०
३ मंसिर २०८३
बिहीबार
19 November 2026
Thursday
नेपाल संवत् ११४७
मूल्य रु. ५/-

मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



अख्तियारमा आएको उजुरीका आधारमा बिगो मागदाबी गर्ने गरेका छौं, मागदाबीअनुसारको बिगो असुल भए/नभएको हामीलाई जानकारी हुँदैन ।

● सुरेश न्यौपाने
प्रवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मागदाबी गरेअनुसारको बिगो असुल हुँदैन, असुल भएको बिगो रकम सरकारकै राजस्वमा जान्छ ।

● गोविन्दप्रसाद घिमिरे
प्रवक्ता, फैसला कार्यान्वयन निर्देशनालय

संगठित ठगी प्रकरण

२ पूर्वश्रममन्त्रीसहित ६ जना पक्राउ

गैरकानुनी रूपमा १ अर्ब ६९ करोड २ लाख बढी संकलन गरेको दाबी

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २ मंसिर

मलेसियामा कामदार पठाउँदा ठगी गरेको आरोपमा दुई पूर्वश्रममन्त्रीसहित ६ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शेरबहादुर कुँवर र रामेश्वर राय यादव, मन्त्रालयका तत्कालीन सचिव विनोद केसी, सहसचिवद्वय उमेश ढुंगाना र रवि पोखरेल तथा तत्कालीन कानुन अधिकृत निर्मला गुरुङ छन् ।





उनीहरूलाई केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीले मंगलबार काठमाडौं, ललितपुर र सर्लाहीबाट पक्राउ गरेको हो ।

प्रहरीका अनुसार नेपाल र मलेसिया सरकारबीच भएको सम्झौताविपरीत कामदारबाट गैरकानुनी रूपमा रकम संकलन गरी मलेसिया पठाउने कार्यमा उनीहरू संलग्न रहेको अनुसन्धानबाट खुलेको छ । गैरकानुनी रूपमा संकलन गरिएको रकम १ अर्ब ६९ करोड २ लाख रुपैयाँभन्दा बढी »» पृष्ठ २ मा

अबौंको भ्रष्टाचार

असुलीको छैन अत्तोपत्तो

- अख्तियारका १७५ मुद्दामा ९९० प्रतिवादी
- २५ अर्ब २३ करोड रुपैयाँभन्दा बढी बिगो मागदाबी
- विशेष अदालतबाट कसुर कायम हुने दर ५१.९२ प्रतिशत
- वास्तविक असुलीको एकीकृत हिसाब सार्वजनिक छैन

सपना बोहरा/मध्यान्ह
काठमाडौं, २ मंसिर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३६औं वार्षिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ मा आयोगले विशेष अदालतमा १७५ वटा भ्रष्टाचारसम्बन्धी मुद्दा दायर गरेको छ । ती मुद्दामा ९९० व्यक्ति तथा संस्थालाई प्रतिवादी बनाउँदै २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार ९८९ रुपैयाँ ८२ पैसा बिगो मागदाबी गरिएको छ ।

दायर मुद्दामध्ये ५६ वटा सार्वजनिक सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याएको विषयसँग सम्बन्धित छन् । तर आयोगले मागदाबी गरेको २५ अर्ब रुपैयाँभन्दा बढी रकम नै राज्यले फिर्ता पाएको रकम होइन । अभियोगपत्रमा मागिएको बिगो, अदालतले प्रमाणका आधारमा कायम गरेको बिगो र फैसला कार्यान्वयनपछि सरकारी खातामा जम्मा भएको रकम फरक-फरक विषय हुन् ।

फैसला कार्यान्वयन निर्देशनालयको तथ्यांकअनुसार २०८३ असारसम्म अदालतबाट भएका »» पृष्ठ २ मा

अख्तियारले बर्सेनि सयौं उजुरीमाथि अनुसन्धान गर्छ । विशेष अदालतमा मुद्दा दायर गर्छ, प्रतिवादीसँग बिगो मागिन्छ । दोषी ठहर भए सार्वजनिक सम्पत्तिमा भएको क्षति असुल गर्ने कानुनी प्रक्रिया अघि बढ्छ । तर भ्रष्टाचारको मुद्दा दायर भएपछि राज्यको ढुकुटीमा वास्तवमै कति रकम फर्किन्छ भन्ने यकिन छैन ।

एमालेको स्वीकार

जनतासँग संवाद टुट्दा पराजय

१४ सांगठनिक समस्या पहिचान, स्थानीय चुनाव जित्न १३ रणनीतिक प्रस्ताव



मध्यान्ह संवाददाता
काठमाडौं, २ मंसिर

नेकपा एमालेले जनतासँगको संवाद टुट्नु, बदलिएको जनमनोविज्ञान बुझ्न नसक्नु र सांगठनिक गतिविधि औपचारिकतामा सीमित हुनुलाई पार्टी कमजोर हुनुका मुख्य कारण औंल्याएको छ । विगतका अभियानले जनतासँगको सम्बन्ध विस्तार गर्न नसकेको स्वीकार गर्दै एमालेले स्थानीय निर्वाचनमा जनाधार फर्काउन संगठन सुधारदेखि उम्मेदवार छनोटसम्मका रणनीति अघि सारेको छ ।

एमाले महासचिव शंकर पोखरेलले आफ्नो प्रतिवेदनमा वडाकेन्द्रित अभियान, जरा अभियान र ग्रासरुट अभियान सञ्चालन भए पनि ती अभियानमा जनतासँगको संवाद निकै कम भएको उल्लेख गरेका छन् । 'जबसम्म हामी जनतासँग संवाद गर्न सक्दैनौं, तबसम्म जनआधार फिर्ता गर्न सक्दैन । जनतामा नजाने, हामी बलिया छौं र बलियो हुन्छौं भनेर मात्र पार्टी बलियो हुन सक्दैन,' पोखरेलले प्रतिवेदनमा »» पृष्ठ २ मा

कार्यकर्तालाई फेरि उठ्ने सन्देश



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पार्टी फेरि उठ्ने विश्वास दिलाउँदै सरकारलाई आन्दोलनको चेतावनी दिएका छन् । देशभरबाट आएका तीन हजार पाँच सयभन्दा बढी नेता-कार्यकर्ताको भेलामा उनले निर्वाचनको धक्काबाट निरास नहुन आग्रह गर्दै एमाले फेरि राष्ट्रिय राजनीतिको नेतृत्वमा फर्कने दाबी गरे । 'कतिले एमाले मजाकको विषय बनाउलान्, फेसबुकमा लेख्लान्,' ओलीले भने, 'हेर्दाहेर्दै एमाले फेरि सरकारमा जान्छ, कान खोलेर »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

कात्तिकमा वैदेशिक रोजगारीमा गए ६५ हजारभन्दा बढी नेपाली

मध्यान्ह संवाददाता
काठमाडौं, २ मंसिर

कात्तिक महिनामा ६५ हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीका लागि उडेका छन् । वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार कात्तिकमा ६५ हजार ८०८ जना युवायुवती श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका हुन् ।

कात्तिक महिनामा नेपालीका महान् पर्व बडादसैं, तिहार र छठ पर्व परे पनि रोजगारीका लागि ठुलै संख्यामा बाहिरिए । विभागको तथ्यांकअनुसार म्यानपावर कम्पनीबाट १६ हजार ६४३ र व्यक्तिगत ९ हजार ४७० जना नयाँ तथा पुनः श्रम स्वीकृति लिएका ३९ हजार १४८ र जिटुजीबाट ५२५ जना गएका छन् ।

अन्य महिनाजस्तै कात्तिकमा पनि धेरै नेपाली युएई पुगेका छन् । युएईमा म्यानपावर कम्पनीबाट ७ हजार ९४७ जना जाँदा रिइन्ट्री १६ हजार ९१७ जना र व्यक्तिगत रूपमा १ हजार ९५८ जना गएका छन् । दोस्रोमा »» पृष्ठ २ मा

धेरै श्रमिक पठाउनेमा प्याराडाइज पहिलो, एड्भान्स म्यानेजमेन्ट दोस्रो र नीलकमल तेस्रो

काठमाडौं/मस- कात्तिक महिनामा म्यानपावर कम्पनीमार्फत १६ हजार ६४३ जना पठाउँदा ६७९ जना पठाएको प्याराडाइज इन्टरनेसनल प्रा.लि. पहिलो भएको छ भने ३४५ जना पठाएको एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट प्रा.लि. दोस्रो हुन पुगेको छ । यस्तै ३४२ जना पठाएको नीलकमल ह्युमन रिसोर्स प्रा.लि. धेरै श्रमिक पठाउने कम्पनीको शीर्षसूचीमा तेस्रोमा रहेको छ । »» पृष्ठ २ मा



मिसाराको शतकमा चितवनको जित, बाहिरियो काठमान्डु

कमिल मिसाराको विस्फोटक शतक र रिजन ढकालको घातक बलिङमा चितवन राइनोजले काठमान्डु गोर्खाजलाई ६१ रनले पराजित गरेको छ । काठमान्डु एनपिएलबाट बाहिरिएको छ भने चितवनले फाइनलमा जान सुदूरपश्चिमको सामना गर्नुपर्नेछ ।

विस्तृत समाचार पृष्ठ ७ मा

कर्मचारी आवश्यकता

यस प्रतिष्ठीत म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरुको आवश्यकता भएको हुनाले ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

सि.नं.	पद	संख्या	शैक्षिक योग्यता र कार्यानुभव
१	Office Assistant (Male/Female)	०१	प्रमाण पत्र तह उत्तिर्ण गरि Computer मा दक्ष तथा अंग्रेजी र नेपालीमा Correspondence गर्न जान्ने, म्यानपावर कम्पनीमा काम गरिसकेको अनुभवीलाई विषेश ग्राह्यता दिईनेछ ।
२	Office Secretary (Male/Female)	०१	स्नातक तह उर्तिण गरि Computer मा दक्ष तथा अंग्रेजी र नेपालीमा Correspondence गर्न जान्ने, म्यानपावर कम्पनीमा काम गरिसकेको अनुभवीलाई विषेश ग्राह्यता दिईनेछ ।

तलब तथा अन्य सुविधा अनुभवको आधारमा र आपसी सहमतिमा अन्तरवार्ताको समयमा तय गरिने छ । थप जानकारीका लागि ७ दिनभित्र आफ्नो CV इमेलमार्फत निम्न ठेगानाहरूमा पठाउनुहोला ।

E-Mail : info@spaceoverseas.com, space.overseas@gmail.com

श्रम इजाजत पत्र नं.: १११/०५४/०५५

SPACE OVERSEAS SERVICES PVT. LTD.
Budhanilkantha-9, Sukedhara, Kathmandu, Tel: 4376717, 4379275
Fax: 4377352, Web : www.spaceoverseas.com

UAE को Catering/Restaurant मा महिला/पुरूषहरूलाई रोजगारको अवसर

Company : AL YASAT CATERING & RESTAURANT SUPPLIES - L.L.C

पूर्व स्वीकृती मितिः २०८३/०८/०१ चलानी नं.६०२६३५२० LT No.: 350543

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	Arabic Coffe Maker	5	4	कामसँग सम्बन्धित दक्ष	1200	८८,८५०।-	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	छ	२ वर्ष
२.	Beverage Maker	0	3		1200	८८,८५०।-							
३.	Fast Food Maker	9	5		1200	८८,८५०।-							
४.	Kitchen Helper	6	1		1200	८८,८५०।-							
५.	Restaurant Worker	8	12		1200	८८,८५०।-							
६.	Waiter/Waitress	10	10		1200	८८,८५०।-							

सम्बन्धित काममा अनुभव भएकाहरूलाई प्राथमिकता दिइनेछ ।

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,५१६।- कामदार आफैले	रु. १,५००।- कामदार आफैले	रु. ७,००।- कामदार आफैले	निःशुल्क

प्रि-अन्तरवार्ता घमाघम भइरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधि बाट २०८३ मंसिर १० गते (26 Nov., 2026) यस प्रा. लि. कार्यालय तिनकुने काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सायमा राख्नुहोस् । आफ् काँठाहामा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफ् जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

ThinkBiz Gov.Lic.NO. 1608/079/080

THINK BIZ INTERNATIONAL PVT.LTD.
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Mob: 9761819721, 9841893053, 9849325814
Email: careers@thinkbiz.com.np | Web: www.thinkbiz.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

कार्कीको रिटमा कारण देखाउ आदेश

काठमाडौं/मस- आफूलाई गैरकानुनी रूपमा प्रहरी महानिरीक्षक (आइजिपी) पदबाट हटाइएको दाबीसहित दानबहादुर कार्कीले दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतले सरकारका नाममा कारण देखाउ आदेश जारी गरेको छ।

सर्वोच्च अदालतले प्रारम्भिक सुनुवाइ गर्दै कार्कीलाई आईजीपी पदबाट हटाउने निर्णयको कानुनी आधार र कारणबारे जवाफ मागेको हो।

न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले कार्कीको रिटमाथि सुनुवाइ गर्दै उनलाई आईजीपी पदमा पुनर्बहाली नगर्नुपर्ने कुनै कारण भए सोको आधार र प्रमाणसहित जवाफ पेस गर्न सरकारलगायत विपक्षीहरूका नाममा आदेश जारी गरेको छ।

कार्कीले आफूलाई गैरकानुनी रूपमा आईजीपी पदबाट हटाइएको भन्दै उक्त निर्णय बदर गरी पुनः पदमा बहाली गर्न मागसहित सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए। उक्त रिटमा प्रारम्भिक सुनुवाइपछि अदालतले तीनवटा महत्त्वपूर्ण विषय समेटेर आदेश जारी गरेको हो।

सर्वोच्च अदालतले तत्कालका लागि अल्पकालीन अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको छ। तर, अन्तरिम आदेश



दिने वा नदिने भन्ने विषयमा दुवै पक्षलाई छलफलमा सहभागी गराएर मात्रै निर्णय गर्नुपर्ने ठहर गरेको छ। यसका लागि अदालतले आगामी सोमबार अर्थात् मंसिर ७ गते दुवै पक्षलाई उपस्थित हुन आदेश दिएको छ।

अदालतको आदेशअनुसार अन्तरिम आदेशसम्बन्धी छलफलमा दुवै पक्षले आफ्ना तर्क र आधार प्रस्तुत गर्नेछन्। त्यसपछि मात्रै कार्कीलाई आईजीपी पदबाट हटाउने निर्णय तत्काल कार्यान्वयन नगर्न वा उनलाई पुनर्बहाली गर्न अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयमा अदालतले निर्णय गर्नेछ।

त्यस्तै, सर्वोच्च अदालतले कार्कीलाई आईजीपी पदबाट हटाएर प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारको जिम्मेवारी दिने निर्णय तथा एआईजी डा. मनोज शर्मालाई आईजीपीमा बढुवा गर्ने निर्णयको प्रमाणित प्रतिलिपि पेस गर्न पनि आदेश दिएको छ।

उक्त निर्णयसँग सम्बन्धित अन्य आवश्यक कागजात तथा प्रमाणहरू भए तीसमेत अदालतमा पेस गर्न विपक्षीहरूलाई भनिएको छ। यसले कार्कीलाई पदबाट हटाउने, नयाँ आईजीपी नियुक्त गर्ने तथा प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारको जिम्मेवारी दिने प्रक्रियासम्बन्धी निर्णयहरूको कानुनी आधार परीक्षण गर्न अदालतलाई सहयोग पुग्नेछ।

यसैगरी, सर्वोच्च अदालतले रिट निवेदनको विषयवस्तु र प्रकृतिलाई दृष्टिगत गर्दै यसलाई छिटो टुंगो लगाउनुपर्ने आवश्यकता रहेको औंल्याएको छ। त्यसैले उक्त रिटलाई अग्राधिकार प्रदान गर्ने आदेशसमेत गरेको छ। अग्राधिकार प्राप्त रिट निवेदनलाई सर्वोच्च अदालतले अन्य सामान्य प्रकृतिका मुद्दाभन्दा प्राथमिकतामा राखेर सुनुवाइ तथा निरूपण गर्ने गर्छ।

सर्वोच्चको पछिल्लो आदेशसँगै कार्कीको पुनर्बहालीसम्बन्धी माग र उनलाई पदबाट हटाउने सरकारी निर्णयको वैधानिकतावारे अब अदालतमा थप सुनुवाइ हुने भएको छ। आगामी सोमबार हुने दुवै पक्षबीचको छलफलपछि अन्तरिम आदेशसम्बन्धी विषयमा अदालतको निर्णय आउने अपेक्षा गरिएको छ।

काठमाडौं–तराई द्रुतमार्गमा ५१ प्रतिशत प्रगति, महादेवटार सुरुङको ब्रेकथ्रु

मध्यान्ह संवाददाता
काठमाडौं,२ मंसिर



राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडक आयोजनाको करिब ५१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। नेपाली सेनाको व्यवस्थापनमा निर्माण भइरहेको आयोजनाअन्तर्गत सबैभन्दा लामो महादेवटार सुरुङको दुवैतर्फको खण्ड जोड्ने (ब्रेकथ्रु) समेत गरिएको छ। ३ हजार ४ सय २२ मिटर लम्बाई रहेको महादेवटार सुरुङको ब्रेक थ्रु राष्ट्रपति रामचन्द्र पौडेलले गरेका हुन्। महादेवटार सुरुङ आयोजनाको सबैभन्दा लामो सुरुङ हो।काठमाडौं-तराई-मधेस द्रुतमार्ग सडकको सात स्थानमा १४ वटा सुरुङ निर्माण भइरहेका छन्। तीमध्ये तीन स्थानका पाँचवटा सुरुङको यसअघि नै ब्रेकथ्रु भइसकेको छ। महादेवटार सुरुङको ब्रेकथ्रुसँगै सुरुङ निर्माण कार्यले थप गति लिने छ। नेपाली सेनाले अधिकांश संरचनाको सबस्ट्रक्चर निर्माण सम्पन्न भएको जनाएको छ। उच्च प्रविधियुक्त पुलगायत द्रुतमार्गका अन्य संरचना निर्माणको काम पनि अपेक्षित गतिमा अघि बढिरहेको सेनाको भनाइ छ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको काम निर्धारित समयभित्रै सक्नको लागि सरकारले विषेश ध्यान दिएको बताए। द्रुतमार्ग निर्माणमा ढिलाइ गर्ने निर्माण कम्पनीसँगको ठेक्का तत्काल रद्द गरिने उनको बताए। लचकता अपनाउँदै व्यवसायीहरूलाई पटक-पटक अवसर र सुविधा दिए पनि त्यसको अपेक्षित परिणाम आउन नसकेको उल्लेख गर्दै उनले निर्धारित समयभित्र काम नसकिने अवस्था देखिए तत्काल ठेक्का अन्त्य गर्न निर्देशन दिए।

काम गर्ने मुख्य सिजन सुरु भइसकेको बताउँदै उनले आगामी जेठसम्म निर्धारित कार्यतालिकाअनुसार ठोस प्रगति हासिल गर्ने पर्नेमा जोड दिए। आयोजनाको निर्माण कार्य विभिन्न चरणमा प्रभावित भएपनि अहिले ललितपुरको खोकना-दुम्किसाप क्षेत्रमा जग्गा अधिग्रहणसम्बन्धी समस्या प्रमुख चुनौतीका रूपमा रहेको छ।उक्त क्षेत्रमा करिब ६.५ किलोमिटर सडक खण्डको विवाद समाधानका लागि पहल भइरहेको र समस्या समाधान भएपछि ठेक्का व्यवस्थापन गरी निर्माण अघि बढाइने नेपाली सेनाले जनाएको छ।

अर्बौंको...

फैसलाअनुसार ३१ अर्ब ७५ करोड रुपैयाँभन्दा बढी जरिवाना असुल हुन बाँकी छ। त्यस्तै, एक लाख २२ हजार ९ सय वर्षभन्दा बढी कैद सजायसमेत कार्यान्वयन हुन बाँकी रहेको सार्वजनिक गरिएको छ। यता, अख्तियारको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ मा विशेष अदालतबाट १५६ वटा मुद्दाको फैसला भएको थियो। तीमध्ये ८१ वटा मुद्दामा पूर्ण वा आंशिक रूपमा कसुर कायम भएको छ। यो फैसला भएका मुद्दाको ५१.९२ प्रतिशत हो। अघिल्लो आर्थिक वर्षमा कसुर कायम हुने दर ५२.६७ प्रतिशत र त्यसअघिको आर्थिक वर्षमा ६५.२४ प्रतिशत थियो। अर्थात् पछिल्ला वर्षमा अख्तियारले दायर गरेका मुद्दामध्ये अदालतबाट कसुर स्थापित हुने दरमा गिरावट देखिएको छ। यस अवधिमा अख्तियारले विशेष अदालतका फैसलाविरुद्ध सर्वोच्च अदालतमा १०४ वटा पुनरावेदन र तीनवटा पुनरावलोकन निवेदन दिएको प्रतिवेदनमा उल्लेख छ। यसले मुद्दा दायर भएपछि पनि कानुनी प्रक्रिया लामो समयसम्म जारी रहने र अन्तिम परिणाम आउन समय लाग्ने देखिन्छ। तर १५६ मुद्दाको फैसला हुँदा कति रकम बिगो कायम भयो, त्यसमध्ये कति रकम असुल भयो र कति रकम असुल हुन बाँकी छ भन्ने विवरण आयोगलाई जानकारी छैन। आयोगका प्रवक्ता सुरेश न्यौपानेले अख्तियारमा आएको उजुरीका आधारमा बिगो मागदाबी गर्ने गरेको बताउँछन्। 'उजुरीका आधारमा नै हामीले विशेष अदालतमार्फत बिगो मागदाबी गर्छौं,' उनले भने, 'मागदाबीअनुसारको बिगो असुल भए/नभएको हामीलाई जानकारी हुँदैन।'

बिगो मागदाबीमै सीमित !

अख्तियारको वार्षिक प्रतिवेदनअनुसार सार्वजनिक सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याउने ५६, घुससम्बन्धी ४१, गैरकानुनी लाभ वा हानि पुऱ्याउने २७, नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी १५ र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी ११ वटा मुद्दामा बिगो मागदाबी छन्। बाँकी मुद्दा राजस्व चुहावट, सम्पत्ति शुद्धीकरणसँग जोडिएका कसुर तथा अन्य प्रकृतिका छन्।

यी मुद्दामा मागदाबी गरिएको रकममध्ये सबैभन्दा ठुलो हिस्सा गैरकानुनी लाभ वा हानिसम्बन्धी २७ मुद्दामा छ। ती मुद्दामा करिब १८ अर्ब ९० करोड रुपैयाँ बिगो मागदाबी गरिएको छ। सार्वजनिक सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याउने ५६ मुद्दामा करिब पाँच अर्ब सात करोड रुपैयाँ बिगो मागिएको छ।

अख्तियारले आर्थिक वर्ष २०८२/८३ मा मात्रै ४० हजारभन्दा बढी उजुरीको जिम्मेवारी पाएको थियो। आयोगले प्राप्त उजुरीमध्ये ८०.३७ प्रतिशत अर्थात् ३२ हजार ८२३ उजुरी प्रारम्भिक तहबाट टुंगाएको जनाएको छ। तर सबै उजुरी भ्रष्टाचार पुष्टि भएका घटना होइनन्। मुद्दामा सफलता घट्नु अनुसन्धान र प्रमाण संकलनको गुणस्तर सुधार्नुपर्ने संकेत भएको टिप्पणी गर्दै आएका छन्। अदालतमा पर्याप्त प्रमाण नपुगेका मुद्दा पुग्नु, अनुसन्धानमा निरन्तरता नहुनु र कर्मचारीको बारम्बार सरुवा हुनुजस्ता पक्षले अनुसन्धानको प्रभावकारितामा असर पार्न सक्ने सरोकारवाला बताउँछन्।

सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयको विवरणअनुसार ३१ अर्ब ७५ करोड रुपैयाँभन्दा बढी जरिवाना असुल हुन बाँकी छ। यो रकम सबै प्रकृतिका मुद्दाको समग्र जरिवाना हो, भ्रष्टाचार मुद्दाको मात्र होइन। भ्रष्टाचार मुद्दामा अदालतबाट बिगो, जरिवाना र कैद सजाय तोकिएपछि त्यसको कार्यान्वयनका लागि सम्बन्धित कानुनी प्रक्रिया अघि बढाउने गरेको फैसला कार्यान्वयन निर्देशनालयले जनाएको छ। निर्देशनालयका प्रवक्ता गोविन्दप्रसाद घिमिरे अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दाबी गरेअनुसारको बिगो असुल नहुने बताउँछन्। 'विशेष अदालत र सर्वोच्च अदालतबाट फैसला हुने गरेको उजुरीमा आयोगले माग दाबी गरेअनुसारको बिगो असुल हुँदैन,' उनले भने, 'असुल भएको बिगो रकम सरकारकै राजस्वमा जान्छ।'

अख्तियार, विशेष अदालत, सर्वोच्च अदालत, सरकारी वकिलको कार्यालय र फैसला कार्यान्वयनसँग सम्बन्धित निकायका तथ्यांक एउटै प्रणालीमा नजोडिँदा नागरिकले एउटा मुद्दा दायर भएदेखि अन्तिम असुलीसम्मको अवस्था सहजै बुझ्न सक्ने अवस्था छैन। मुद्दाको अभियोग, फैसला, पुनरावेदन र असुलीको विवरण एकीकृत रूपमा सार्वजनिक भएका छैनन्।

मलेसिया...

रहेको प्रहरीको दाबी छ। पक्राउ परेका सबैमाथि ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान भइरहेको छ। उनीहरूलाई ठगी तथा संगठित अपराधसम्बन्धी कसुरमा अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतबाट पक्राउ पुर्जीको अनुमति लिएर प्रहरीले काठमाडौं, ललितपुर र सलाहीका विभिन्न स्थानबाट पक्राउ गरेको हो। मलेसिया नेपाली कामदारहरूको प्रमुख श्रम गन्तव्य मुलुक हो। जहाँ ४ लाखभन्दा बढी नेपाली श्रमिक कार्यरत छन्। कार्यरतमध्ये सबैभन्दा ठुलो हिस्सा उत्पादनमूलक क्षेत्र फ्याक्ट्रीमा छ। यसबाहेक सुरक्षा गार्ड सेक्युरिटी, निर्माण, सरसफाइ, गोदाम वेयरहाउस तथा सेवा क्षेत्रमा पनि नेपाली श्रमिक कार्यरत छन्। पक्राउ परेकामध्ये पोखरेल हाल यातायात व्यवस्था विभाग महानिदेशक रहेका छन्। व्युरोले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंको पत्र तथा विकास रानाभाटसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी कैलाश खड् कासमेत भएको ठगीसम्बन्धी कसुर तथा संगठित अपराध निवारण ऐन, २०७० अन्तर्गतको कसुरमा मलेसिया सरकार र नेपाल सरकारबीच भएको सम्झौता को विपरीत हुने गरी गैरकानुनी रूपमा ठगी गरी संकलन गरिएको रकम विदेश पठाई अपचलन गरेको बताएको छ। व्युरोले ८३ लाख ७० हजार ४३९.९२ अमेरिकी डलर र ३७ लाख १७ हजार ९८०.८० बेलायती पाउन्ड गरी १ अर्ब ६९ करोड २ लाख २४ हजार २६ रुपैयाँ सम्झौताको दायरा र कानुनी प्रक्रियाविपरीत अधिकार क्षेत्र नाघेर वदनियतपूर्वक विदेशी मुद्रा अपचलन गराएको आरोप लगाएको छ। यो मुद्रा सञ्चितीकरणमा नोक्सानी हुने निर्णय गरी देशको अर्थतन्त्र प्रतिकूल संगठित समूहको लाभको लागि जानी-नजानी आफ्नो पदीय जिम्मेवारी तथा कर्तव्यविपरीत श्रमिकहरूलाई संगठित रूपमा ठगी गने कार्यमा मौन रही कानुनी उपचार नगरी नगराई गैरकानुनी रूपमा संकलन भएको रकम मलेसिया पठाउने निर्णय गर्ने कार्यमा संलग्न रहेको प्रहरीले बताएको छ।

स्रोतका अनुसार यस प्रकरणमा संलग्न रहेको आरोपमा अन्य पूर्वउच्चपदस्थ व्यक्तिमाथि समेत प्रहरीले अनुसन्धान गरेको छ। ब्युरोका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक अनुपमशमशेर ज.ब.रा.ले चर्चामा रहेका अन्य व्यक्तिहरूका बारेमा थप केही बताउने अवस्था नरहेको मध्यान्ह दैनिकलाई जानकारी दिए।

जनतासँग...

भनेका छन्, 'पार्टी बलियो बनाउने हो भने जनतामा जानैपर्छ, संवाद गर्नैपर्छ, समस्याको पहिचान र समाधानको नेतृत्व गर्नैपर्छ।'

उनले विगतका अभियानमा जनताको बर्दलिएको मनोविज्ञान बुझ्न नसकिएको स्वीकार गरेका छन्। गत निर्वाचनमा अगुवा नेताहरूले २०७९ को भन्दा राम्रो नतिजा आउने केन्द्रमा रिपोर्टिङ गरिएको उल्लेख गर्दै उनले भने, 'ती सम्झिँदा अहिले मजाकजस्तो लाग्छ।'

महासचिव पोखरेलले एक ढंगले सोचिरहेको जनतालाई अर्कै ढंगले बुझ्ने काम गरेको टिप्पणी पनि गरेका छन्। 'हाम्रो जनतासँगको संवाद टुटिसकेको रहेछ। हाम्रा अभियान गतिविधि फगत औपचारिकता र देखावाका रूपमा हुन थालेका रहेछन्,' उनले भनेका छन्।

गुटबन्दी र निष्क्रियता मुख्य समस्या

पोखरेलको प्रतिवेदनमा एमालेका १४ सांगठनिक समस्या पहिचान गरिएको छ। जनतासँगको सम्बन्ध कमजोर हुनु, युवाका मुद्दामा पर्याप्त संवाद नहुनु, सूचना तथा सञ्चार प्रणाली कमजोर हुनु र डिजिटल माध्यममा प्रभावकारी उपस्थिति नहुनुलाई उनले प्रमुख समस्याका रूपमा औंल्याएका छन्। त्यस्तै, कमिटीको जिम्मेवारी स्पष्ट नहुनु, माथिल्लो तहबाट अनावश्यक हस्तक्षेप हुनु, कमिटीहरू ठुलो तर निष्क्रिय बन्नु र नेतृत्व तथा अवसर बाँडफाँटमा निष्पक्षता नहुनुलाई पनि उनले कमजोरी मानेका छन्। आन्तरिक लोकतन्त्र कमजोर हुनु, आलोचना र आत्मालोचनालाई सहज रूपमा लिन नसक्नु, गुटबन्दी र अनुशासनहीनता बढ्नु तथा निर्वाचनमा अन्तर्घात हुने प्रवृत्तिले पार्टीलाई कमजोर बनाएको उनको निष्कर्ष छ। उम्मेदवार छनोटमा स्थानीय कमिटीको सिफारिस र जनस्वीकार्यतालाई बेवास्ता गर्नु, जनप्रतिनिधिको जवाफदेहिता कमजोर हुनु, जनसंगठन प्रभावकारी नहुनु र नयाँ सामाजिक तथा आर्थिक मुद्दामा वैचारिक हस्तक्षेप गर्न नसक्नुलाई पनि उनले समस्याका रूपमा उल्लेख गरेका छन्।

उम्मेदवार छनोटमा जनमत लिने

स्थानीय निर्वाचन जित्न पोखरेलले उम्मेदवार छनोट प्रक्रियालाई विशेष महत्त्व दिएका छन्। निर्वाचनको पर्याप्त समयअघि नै सम्भावित उम्मेदवार पहिचान गरी उनीहरूको जनसम्पर्क, प्रतिष्ठा, क्षमता र स्वीकार्यताको मूल्यांकन गर्नुपर्ने उनको प्रस्ताव छ।

पार्टीप्रतिको निष्ठा, सामाजिक प्रतिष्ठा, इमानदारी, कार्यक्षमता, नेतृत्व क्षमता, सार्वजनिक छवि, स्थानीय मुद्दाको ज्ञान र जनस्वीकार्यतालाई उम्मेदवार छनोटको मुख्य मापदण्ड बनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। वडा, पालिका र जिल्ला कमिटीको सिफारिसलाई प्राथमिकता दिँदै आन्तरिक सर्वेक्षण र कार्यकर्ता परामर्शबाट उम्मेदवार टुंग्याउनुपर्ने पोखरेलको सुझाव छ। पहुँच, आर्थिक लेनदेन र गुटगत प्रभावका आधारमा उम्मेदवार चयन गर्ने तथा अन्तिम समयमा मनोमानी ढंगले निर्णय बदल्ने प्रवृत्ति रोक्नुपर्ने उनले बताएका छन्।

स्थानीय निर्वाचनको तयारीका लागि टोलदेखि केन्द्रसम्म संगठन परिचालन, सदस्य तथा मतदाताको अभिलेख अद्यावधिक र स्थानीय राजनीतिक अवस्थाको विश्लेषण गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ। जनमत सर्वेक्षण, घरदैलो अभियान र स्थानीय आवश्यकता तथा समस्यामा आधारित घोषणापत्र निर्माणलाई पनि उनले प्राथमिकतामा राखेका छन्।

त्यस्तै, प्रदेश, जिल्ला, पालिका, वडा र टोल तहमा निर्वाचन परिचालन समिति गठन गर्ने तथा पालिका र वडा तहमा निर्वाचन कार्यालय स्थापना गर्नुपर्ने प्रस्ताव गरिएको छ। डिजिटल प्रचार, गलत सूचनाको प्रतिवाद, विपक्षी दलको कामको तथ्यपरक समीक्षा, सुरक्षा तथा कानुनी सहयोग, मतदान प्रतिनिधि परिचालन र मतगणनाको तयारीलाई पनि १३ रणनीतिमा समेटिएको छ। पोखरेलले संगठनका निष्क्रिय कमिटी सक्रिय बनाउने, सदस्यता अभिलेख व्यवस्थित गर्ने, नेतृत्व विकास र जिम्मेवारी बाँडफाँटमा सुधार गर्ने तथा पार्टीका गतिविधिलाई जनताको वास्तविक समस्यासँग जोड्नुपर्ने बताएका छन्।

एमालेले सांगठनिक शुद्धीकरण र सुदृढीकरणलाई आगामी निर्वाचनमा जनाधार फर्काउने आधार मानेको छ। प्रतिवेदनले कमजोरी स्वीकार गर्दै सुधारका उपाय प्रस्ताव गरे पनि ती व्यवहारमा कति कार्यान्वयन हुन्छन् भन्नेले नै पार्टीको चुनावी सम्भावना तय गर्नेछ।

कार्यकर्तालाई...

सुने हुन्छ।' विगतमा पनि एमालेलाई कमजोर बनाउने प्रयास असफल भएको उल्लेख गर्दै उनले पार्टी देशको भविष्य भएको बताए। जेनजी आन्दोलनपछिको प्रतिकूल वातावरणमा निर्वाचन गराइएको र त्यसले एमालेलाई क्षति पुगेको उनको विश्लेषण थियो।

सम्बोधनको अधिकांश समय ओलीले सरकारका गतिविधि र आफूहरूमाथि भइरहेको भनिएको प्रतिशोधको आलोचनामा खर्चिए। जेनजी आन्दोलन दमनको आरोपमा भएको गिरफ्तारीलाई उनले राजनीतिक प्रतिशोधको संज्ञा दिए। सरकारले पुनः गिरफ्तारीको प्रयास गरे लाखौं कार्यकर्ता सडकमा उतार्ने चेतावनीसमेत दिए। 'आन्दोलनको तयारी हिसाबमा बस्नुस्, कुनै पनि समय सरकारले प्रतिशोध कसैमाथि पनि लिन सक्छ, कसैलाई पनि गिरफ्तार गर्न सक्छ,' उनले भने। नवनियुक्त प्रहरी महानिरीक्षकले आफू, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डलाई थुन्ने अभिव्यक्ति दिएको ओलीको दाबी थियो। उनले प्रहरी नेतृत्वको अभिव्यक्तिप्रति आपत्ति जनाउँदै राजनीतिक नेताहरूलाई मजाकको पात्र नबनाउन चेतावनी दिए।

कात्तिकमा...

रहेको मलेसियामा ३ हजार ४०७ जना, तेस्रो कुवेत १ हजार ६२४ जना, चौथो कतारमा १ हजार ५३७ जना, साउदी अरेबिया ५१७ जना ओमानमा ४५७, साइप्रस ४४१, बहराइन २९४, जोर्डन २०७, जापान १८०, अल्जेरिया २०, मौरिसस ८, टर्की ३ र माल्दिभ्समा १ जना गएका छन्।

युरोपेली मुलुकमा सिजनल भिसा भन्दै व्यक्तिगत रूपमा असुरक्षित रूपमा पठाउने र शरणार्थी आवेदन गर्न उक्साउने क्रम बढेको बताइएको छ। कात्तिकमा ४२ हजार ५७९ दक्ष, १४ हजार १९९ अदक्ष, ८ हजार ५४३ अर्धदक्ष र ३९३ जना व्यावसायिक क्षमताका जनशक्ति बाहिरिएका छन्। अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको सो अवधिमा श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जानेको संख्या तीन हजार ७५४ ले कम रहेको छ।विभागका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को चार महिनामा २ लाख ७० हजार ५६ जना गएकोमा आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा २ लाख ७३ हजार ८१० जना गएका छन्। यस वर्ष साउनमा ७० हजार ४४१ जना, भदौमा ६० हजार ४२ जना र असोजमा ७३ हजार ७६५ जनाले श्रम स्वीकृति लिएका छन्।

कात्तिकमा...

कात्तिकमा २५ म्यानपावर कम्पनीले एक सय वा सोभन्दा बढी श्रमिक पठाएका छन्।

धेरै श्रमिक पठाउने कम्पनीहरू

प्याराडाइज इन्टरनेसनल प्रा.लि. ६७९
एड्भान्स म्यानेजमेन्ट कन्सल्ट्यान्ट प्रा.लि. ३४५
नीलकमल ह्युमन रिसोर्स प्रा.लि. ३४२
अल स्किल इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि. २१३
एससिसी म्यानपावर कम्पनी प्रा.लि. १९४
इन्टरपिड रिक्रूटमेन्ट सर्भिस प्रा.लि. १८६
नाइस रिक्रूटमेन्ट एजेन्सी प्रा.लि. १६६
विश्वास ओभरसिज सर्भिस प्रा.लि. १६४
थिंक बिज इन्टरनेसनल प्रा.लि. १४६
टिररा पार्टनर्स प्रा.लि. १४१
एच.एम.टी. ओभरसिज प्रा.लि. १३५
इन्टरनेसनल म्यानपावर रिक्रूटमेन्ट प्रा.लि. १३४
भिजन एन्ड भ्यालु ओभरसिज प्रा.लि. १३३
रिलायवल ह्युमन रिसोर्स रिक्रूटमेन्ट प्रा.लि. १२६
नीलकण्ठ प्लेसमेन्ट एजेन्सी प्रा.लि. १२३
मास ह्युमन रिसोर्स प्रा.लि. १२१
नून रिसोर्सेस प्रा.लि. ११६
सिगल इन्टरनेसनल ग्लोबल एच.आर. कन्सल्टेन्ट्स प्रा.लि. ११२
डिके रिभर ओभरसिज प्रा.लि. ११२
एम्स ओभरसिज प्रा.लि. १०९
अक्सफोर्ड इन्टरनेसनल प्रा.लि. १०७
आइडियल इन्टरनेसनल रिक्रूटमेन्ट प्रा.लि. १०६
आयुष ओभरसिज प्रा.लि. १०३
ब्रदर्स इन्टरनेसनल इम्प्लोयमेन्ट प्रा.लि. १०१
सान नेपाल प्रा.लि. १००

भजनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०८/०३)

प्रस्तुत विषयमा नेपाल सरकार र स्वीस सरकारबीच द्विपक्षीय सम्झौता अनुसार सञ्चालित सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम अन्तर्गत यस भजनी नगरपालिकामा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रवाह, समस्या समाधानमा सहयोग तथा सहजीकरण, मनोसामाजिक परामर्श सेवा र सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको जनशक्ति करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले न्यूनतम आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र माग भएको विवरण सहित यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक भजनीको खाता नं. ४१५०१००३०१०००२ मा तोकिएको शुल्क तिरेको सक्कलै भौचर/रसिद सहित तोकिएको ढाँचामा यस नगरपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

तपसिल:-

क्र.सं.	विज्ञापन नं.	पद	संख्या	कैफियत
१	०५/२०८३/०८४	मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह)	१ (एक)	

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :**
- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ्ग उत्तीर्ण गरेको।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण- पत्र भएको र सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको तथा अनुभव भएको (Word, excel, Power Point आदिको ज्ञान भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

२. **उमेर हद :** दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
३. **परीक्षाको किसिम :** लिखित, प्रयोगात्मक, अन्तरवार्ता।
४. **सेवाको किसिम :** करार।
५. **करार सेवा अवधि :** २०८४ साल असार मसान्तसम्म हुनेछ। साथै अगामी आ.व. मा बजेट उपलब्धता र कार्यसम्पादनका आधारमा सेवा करारको म्याद थप हुन सक्नेछ।
६. **दरखास्त बुझाउने स्थान :** भजनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय भजनी, कैलाली।
७. **दरखास्त दिने अन्तिम मिति :** सूचना प्रकाशित भएको मितिले १५ दिन सम्म कार्यालय समय भित्र। (तर अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुलेको पहिलो दिन)
८. **तलब तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार हुनेछ।
९. **आवेदन दस्तुर :** ७००।- (अक्षरेपी सात सय मात्र)।
१०. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरू: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालै साल खिचिको २ प्रति पासपोर्ट आकारको फोटो, न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रहरु (प्रमाणित विवरण संलग्न हुनुपर्ने), सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाण पत्र।

(नोट : आवेदनको ढाँचा, परीक्षाको पाठ्यक्रम लगायत अन्य जानकारी भजनी नगरपालिकाको Website: www.bhajanimun.gov.np र https://www.facebook.com/share/1CZ5EAY5B6/ मा गई Download गर्न सकिनेछ।)

प्रमुख प्रशासकीय अधिकृत

कुवेतमा रोजगार
कम्पनी : NESTO HYPERMARKET COMPANY W.L.L
पूर्व स्वीकृत मिति: २०८३/१०/१४ बलाई नं.: ६०२५१४१५ L.T. No.: 337905
शहर : KUWAIT पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Warehours Helpers	8	34	स. कक्षामा दक्ष	100	४८,३३५	क.कि. अनुसार	८ घण्टा	६ दिन	क.कि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता नेपालमा कार्यालय काठमाडौंमा २०८३ मंसिर १० गते (26 November 2026) **मा हुनेछ ।**

स्थदेशमा मर्ने मेडिकलको शुल्क व्यहोर्ने र कति तामेर	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्थदेशमा गरिने म्याद्ले जोडन र प्रिमियम कस्ले तिर्ने	रोजगारमा बिमा हुने/बढ्ने	काम्दारस्तई हाड्ड टिस्ट कस्ले दिने र कति तामेर	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीड शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तामेर र कस्ले व्यहोर्ने	कम्पाणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तामेर र कस्ले व्यहोर्ने
काम्दारले तिर्ने	रोजगारदाताले	काम्दारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. ७७० काम्दारले	रु. १,३७० काम्दारले	नि:शुल्क

मेडिकल रोजगार बिमाबाट मरणदको जानकारी :- १. आफ्नो नामना भि

दुर्गम क्षेत्रमा सञ्चार सेवाको पहुँच र गुणस्तर सुधार गर्न आग्रह

काठमाडौं / मस-सूचना तथा सञ्चार मन्त्री डा. विक्रम तिमिल्सिनाले देशका कुनै पनि नागरिकलाई टेलिफोन तथा इन्टरनेट सेवाको पहुँचबाट वञ्चित हुन नदिने सरकारको प्रतिबद्धता रहेको बताएका छन् ।

सिन्धुपाल्चोकको जुगल गाउँपालिकाका बस्ती तथा जुगल हिमाल र आधार शिविर क्षेत्रमा सञ्चार सेवा विस्तारको माग गर्दै मन्त्रालयमा पुगेका जनप्रतिनिधि तथा स्थानीयसँगको छलफलमा उनले मानव बस्ती भएका सबै स्थानमा दूरसञ्चार सेवा पुऱ्याउन सरकारले काम गरिरहेको बताएका हुन् ।

छलफलमा काठमाडौं क्षेत्र नं १० का प्रतिनिधि सभा सदस्य प्रदीप विष्ट, नेपाल टेलिकमका प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) तथा जुगलका स्थानीय युवाको सहभागिता थियो ।

सोक्रममा सांसद विष्टले काठमाडौं उपत्यकासहित देशका विभिन्न क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवाको गुणस्तर प्रभावकारी नभएको गुनासो आइरहेको उल्लेख गर्दै दुर्गम तथा हिमाली क्षेत्रमा सञ्चार सेवाको पहुँच र गुणस्तर सुधार गर्न आग्रह गरे ।

जवाफमा सञ्चार मन्त्री तिमिल्सिनाले दूरसञ्चार सेवाको पहुँच र गुणस्तर सुधार सरकारको प्राथमिकतामा रहेको बताउँदै उपलब्ध स्रोतसाधनको अधिकतम उपयोगसँगै नयाँ पूर्वाधार निर्माण प्रक्रिया अघि बढाइएको जानकारी दिए । उनले ग्रामीण दूरसञ्चार विकास कोषको रकमसमेत परिचालन गरी देशभर सञ्चार सेवा विस्तारको काम भइरहेको बताए । उनका अनुसार आगामी डेढ वर्षभित्र देशभर नेपाल टेलिकमका थप एक हजार ६०० टेलिफोन टावर निर्माण गर्ने प्रक्रिया अघि बढाइएको छ । करिब रु. १२ अर्ब बराबरको ठेक्का प्रक्रिया अघि बढिसकेको र निर्धारित समयभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको उनले बताए ।



सञ्चार मन्त्री डा.तिमिल्सिनाले टावर निर्माणमा बजेट अभावभन्दा पनि प्रक्रियागत जटिलता र निर्धारित समयमा काम सम्पन्न गर्न नसक्ने समस्या चुनौतीका रूपमा रहेको उल्लेख गरे । साथै, नागरिकका गुनासो सम्बोधनलाई प्राथमिकतामा राख्न पनि मन्त्रालय र मातहतका निकायलाई उनले निर्देशन दिए ।

'जहाँबाट गुनासो आएको छ, त्यहाँ तत्काल समस्या समाधान हुनुपर्‍यो । टावर थप्ने, क्षमता बढाउनेलगायत जे काम गरेर समस्या समाधान हुन्छ, तत्काल गर्नुहोला,' नेपाल टेलिकमलाई निर्देशन दिँदै उनले भने ।

विद्युत् सुविधा नपुगेका स्थानमा उच्च क्षमताका सौर्य ऊर्जा प्रणाली र ब्याट्रीको व्यवस्था गरी टावर सञ्चालन गर्न पनि उनले निर्देशन दिए ।

सञ्चालनमा रहेका टावरले पूर्ण क्षमतामा सेवा दिइरहेका छन् वा छैनन् भन्ने विषयमा नियमित निरीक्षण गर्न र समस्या देखिएका स्थानमा तत्काल क्षमता वृद्धि गर्नुपर्ने पनि सञ्चार मन्त्री तिमिल्सिनाको भनाई थियो ।

सो छलफलका क्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक पहाडीले जुगल गाउँपालिकामा तत्काल प्राविधिक टोली पठाएर सञ्चार सेवाको अवस्थाबारे स्थलगत अध्ययन गरिने बताइन् ।

प्राविधिक समस्या पहिचान गरी आवश्यक सुधारका काम अघि बढाइने उनको भनाइ थियो । टावर निर्माण तथा सेवा विस्तारमा स्थानीय तहबाट समेत सहयोगको अपेक्षा गरिएको उनले बताइन् ।

स्थानीय युवाहरूले जुगल हिमाल, जुगल भ्यु पोइन्ट तथा आधार शिविर क्षेत्रमा मोबाइल नेटवर्क र इन्टरनेट सेवा विस्तार गर्न माग गरेका छन् । साथै गाउँपालिकाका विभिन्न बस्तीमा गुणस्तरीय फोरजी सेवा सुनिश्चित गर्न उनीहरूले आग्रह गरेका छन् ।

गाउँपालिकाले 'जुगल भ्रमण वर्ष २०८३' सञ्चालन गरिरहेको सन्दर्भमा आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दै गए पनि सञ्चार सुविधाको अभाव चुनौती बनेको स्थानीय युवाहरूले बताएका छन् ।

उनीहरूले मेलम्ची डाँडामा रहेको टेलिफोन टावरको प्राविधिक क्षमता वृद्धि तथा मर्मत गरी गुणस्तरीय फोरजी सेवा सञ्चालन गर्न र पाङ्रेप डाँडामा रहेको टावर मर्मत गरी पुनः सञ्चालनमा ल्याउन माग गरेका छन् ।

त्यस्तै, समुद्री सतहदेखि करिब चार हजार ५०० मिटर उचाइमा रहेको जुगल भ्यु पोइन्ट तथा आधार शिविरसम्म मोबाइल नेटवर्क र इन्टरनेट सेवा विस्तार गर्न उपयुक्त स्थानमा नयाँ टावर स्थापना गर्नुपर्ने उनीहरूको माग छ ।

बोल्दे, गुम्बा, क्याङसिङ, अम्बाखर्क, तेम्बाथान र दिप्पुडाँडागायत बस्तीमा भरपर्दो मोबाइल तथा इन्टरनेट सेवा सुनिश्चित गर्नसमेत स्थानीय युवाहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

दुई महिनामा ८८७ व्यावसायिक फर्मको अनुगमन, ७४ वटालाई कारबाही

काठमाडौं / मस-बजारमा उपभोक्तामाथि हुने ठगी, कालोबजारी, कृत्रिम मूल्यवृद्धि तथा व्यापारिक बेथिति नियन्त्रण गर्न वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बजार अनुगमनलाई तीव्र बनाएको छ ।

विभागले पछिल्लो दुई महिना असोज र कात्तिकमा मात्रै ८८७ वटा व्यावसायिक फर्मको अनुगमन गरेको छ । अनुगमनका क्रममा कैफियत भेटिएका ७४ वटा फर्मलाई कारबाही गरी २२ लाख ८२ हजार रुपैयाँ जरिवाना असुल गरिएको विभागले जनाएको छ ।

विभागका महानिर्देशक रितेश कुमार शाक्यले जिम्मेवारी सम्हालेयता बजार अनुगमनलाई नियमित र परिणाममुखी बनाउन टोली परिचालन बढाइएको हो । उनका अनुसार उपभोक्ताको हितविपरीत हुने गतिविधि नियन्त्रण गर्न दैनिक पाँचदेखि १० वटासम्म अनुगमन टोली परिचालन हुँदै आएका छन् ।



'बजारलाई व्यवस्थित बनाउने र उपभोक्ताले गुणस्तरीय वस्तु तथा सेवा उचित मूल्यमा प्राप्त गर्ने वातावरण तयार गर्नु हाम्रो प्राथमिकता हो । त्यसैले नियमित रूपमा अनुगमन टोली परिचालन गरिरहेका छौं,' महानिर्देशक शाक्यले भने । विभागले खाद्यान्न तथा किराना पसल, होटल तथा रेस्टुरेन्ट, चमेनागृह, ग्यास स्टोर, रेडिमेड तथा थान कपडा पसल, कस्मेटिक, अटो पार्ट्स, तरकारी तथा फलफूल पसललगायत क्षेत्रमा अनुगमन गरिरहेको छ ।

अनुगमनका क्रममा दैनिक उपभोग्य वस्तुको मूल्य, गुणस्तर, बिक्रीवितरणको अवस्था, व्यवसाय सञ्चालनसम्बन्धी मापदण्ड तथा उपभोक्ताको अधिकारविपरीत हुने गतिविधिलाई प्राथमिकतामा राखिएको विभागले जनाएको छ ।

यसैगरी, अनुगमनका क्रममा कैफियत देखिएका थप ७६ वटा फर्मलाई आवश्यक कागजातसहित विभागमा उपस्थित हुन निर्देशन दिइएको छ । विभागले ती फर्ममाथि थप छानबिन तथा नियामकीय निगरानी अघि बढाउने जनाएको छ । बजारमा हुने अनियमितता नियन्त्रणका लागि सरकारी अनुगमनसँगै उपभोक्ता तथा सर्वसाधारणको सहयोग पनि आवश्यक रहेको महानिर्देशक शाक्यले बताएका छन् । उनले बजारमा ठगी, अनुचित व्यापारिक गतिविधि वा उपभोक्ताको हितविपरीतका काम भएको पाइएमा विभागलाई जानकारी गराउन सर्वसाधारणसँग आग्रह गरेका छन् ।

विभागले आगामी दिनमा आवश्यकताअनुसार अनुगमन टोलीको संख्या र परिचालनलाई थप प्रभावकारी बनाउँदै बजारमा हुने विकृति नियन्त्रण गर्ने जनाएको छ ।

सडक डिभिजन सुर्खेत

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८३/०८/०३)

प्रस्तुत विषयमा यस डिभिजनको सूचना नं. TNN04-083/84, TNN06-083/84 र TNN07-083/84 मार्फत मिति २०८३/०४/१९, २०८३/०५/२९ र २०८३/०६/०९ मा PPMO/ यस कार्यालयको Website/ राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्रहरुको सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मुल्याङ्कन गर्दा कबुल अङ्कहरुको औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभूत रुपमा बढी नभएको तपसिल बमोजिमका बोलपत्र स्वीकृतिका लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिल:

S.N.	Contract No.	Name And Address of Successful Bidders.	Bid Amount (With VAT & PS) NRs.
1	RDSKT/30700101-4/083/84-16	M/S Gahendra-Prabin JV, Birendranagar, Surkhet	2,55,21,339.09
2	RDSKT/33731011-3/083/84-20	M/S A & B Construction, Surkhet	63,09,511.35
3	RDSKT/33701138-4/083/84-22	M/S Pawan Construction,Surkhet	1,18,26,374.24

Government of Nepal
Ministry of Infrastructure Development
Department of Water Supply and Sewerage Management
Water Supply and Sewerage Management Office, Kanchanpur

Letter of Intent

Date of Publication: 2083/08/03

Pursuant to Clause ITB 33.1 of the bidding document issued on 2083/06/08, it is hereby notified that the following bidder has been selected as having submitted the substantially responsive bid closest to the average bid price, determined in accordance with Clauses ITB 29 and 30 of the bidding document, where the calculated average bid price was NRs. 70,04,312.90 (excluding VAT and PS).

S.N.	Contract Identification No.	Name of Works	Name of the Selected Firm	Bid Price excluding VAT and PS
1	WSSMO/Kanchanpur/NCB/ Works/01/083-84	Construction of Selapate Mul Water Supply Project, Kailali	Maitahawa Devi Nirman Sewa, Khajura – 1, Banke	70,20,211.39

Notice of Financial Bid Opening

Pursuant to Clause ITB 25.7 of the bidding documents issued on 2083/06/08 and 2083/06/09, it is hereby notified that the following bidders have been determined to be substantially responsive following the Technical Bid Evaluation. The concerned bidders are requested to attend the Financial (Price) Bid Opening ceremony at the date, time, and venue stipulated below.

S. N.	Contract Identification No.	Name of Works	Name and Address of the Bidder	Financial Opening Date, Time and Venue
1	WSSMO/Kanchanpur/ NCB/Works/02/083-84	Pipeline Extension Works at Chaumala Water Supply Project, Kailali	1. Kinara – DNS – New Ugratara JV, Dhangadi-4, Kailali	Date: 2083.08.10 Time: 11:00 Venue: Water Supply and Sewerage Management Office, Kanchanpur
2	WSSMO/Kanchanpur/ NCB/Works/03/083-84	Construction of Samarchaur Water Supply Project, Kailali	1. Gaurishankar – Chandika – Prashna JV, Dhangadi, Kailali	
3	WSSMO/Kanchanpur/ NCB/Works/04/083-84	Construction of Devkaliya Water Supply Project, Kailali	1. Chandra Bikas – DNS JV, Dhangadi, Kailali	
4	WSSMO/Kanchanpur/ NCB/Works/05/083-84	Pipeline Extension Works at Tribhuwan Basti Water Supply Project, Kanchanpur.	1. Pratikshya – Sudarpaschim – Pratik JV, Dhangadi, Kailali 2. Kinara Nirman Sewa & Co (P), Ltd. , Dhangadi, Kailali	

VACANCY ANNOUNCEMENT
One of the reputed recruitment agency is seeking for following applicants.
Reception - 3 (Female)
Salary Negotiable
Requirements:-
★ Minimum 2 Years Experienced in Related Fields.
★ Priority will be given for Manpower Experienced.
Send Your CV at liyanamanagement2025@gmail.com
Contact Us at +977 9848130452, 9848677843
Liyana Management Services Pvt. Ltd.
Tarahall chowk,Sinamangal-09, Kathmandu, Nepal
Tel No: 015923427, 5923428.
श्रम इजाजत नं: 1749/081/082

VACANCY ANNOUNCEMENT
यस स्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Public Relation Officer (PRO) - (5 Male/Female)
Salary :- Negotiable
Minimum 6 Month to 1 Year experience in related fields.
AAROHI HR SOLUTIONS PVT. LTD.
An Ethical & Responsible Recruitment Agency.
ISO 9001:2015 Certified Company
आरोही एच.आर. सोलुसन्स प्रा. लि.
Head Office: Chitwan Branch Office:

हकदाबी गर्न आउने बारे ३५ दिने सूचना
कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१० मा दर्ता भएको दर्ता नं. २६९५१६ को मेडिटेक मार्केटिङ प्रा.लि. को मिति २०८३/०७/१५ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
लिक्विडेटर: चक्र बहादुर थापा, इजाजतपत्र नं. ४५९, फोन नं. ९८५१०८२१५५

हकदाबी गर्न आउने बारे ३५ दिने सूचना
कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८१।०२।२१ मा वाइ आर. एफ. मेडी लिंक प्रा.लि. नामबाट दर्ता भएको प्रा.लि. नं. ३३७९५२।०८०।०८१ को मिति २०८३।०८।०१ मा बसेको विशेष साधारणसभाबाट कम्पनी स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने विशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोहीकसैको कुनै बाकी बक्यौता वा लेनदेन बाकी भएमा वा खारेज गर्नु नपर्ने अरु कुनै कारण भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सुचित गरिन्छ ।
लिक्विडेटर: राधिका गोसाई, इजाजत पत्र नं.: ४८०, फोन : ९८४१६७५८०३

युएईमा रोजगार

कम्पनी : ALHAJAR ALMUNEER BUILDINGS MAINTENANCE — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/११/१५ — चलानी नं.: ६०२४४५४ — LT. No.: 330356 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: AED	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Labour	50	0	स. कामना दक्ष	1000	४०,६४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी : PERFECT LINE CONTRETE CARPENTER CONT — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८२/११/१५ — चलानी नं.: ६०२४३५५१ — LT. No.:339698 — पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: AED	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Construction Labouers	50	0	स. कामना दक्ष	1000	४०,६४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।

स्वदेशमा गरिने पि मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	स्वदेशमा लाग्ने बिमा शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले व्यहोर्ने	कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निषा शुल्क कस्ले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	बि:शुल्क

वैदेशिक रोजगार बिमासम्बद्ध जानकारी : १) आफ्नो नाममा बिमा प्रारम्भ भईसके पश्चात मात्र कम्पनीमा कार्य गर्न थाल्नुपर्छ होला । २) आफू काम गर्न जाने मालुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बर पनि जानकारीमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई तिर्नुपर्ने छैन । ४) विदेश जानअघि अभिमुखिकरण वा इन्टरनल तालिम अनिवार्य लिनुपर्छ । ५) विदेश जानअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नुपर्छ । ६) कामना विदेश जाली नेपालकै विभागबाट प्रमाण लिनु हुँदैन, अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहतालमा सम्पर्क गर्नु होला ।

CHANDRAMA GROUP OF COMPANY PVT.LTD
Contact: 01- 4116658, 9803735475 (MO Sahil Rain), Email: info@chandramagroup.com.
rajachandramagroup@gmail.com, Sinamangal-9, KATHMANDU, Nepal
Govt. Lic. No. 1757/081/082

युएईमा रोजगार

कम्पनी: IMDAAD — शहर: UAE,Dubai
पूर्व स्वीकृत मिति: २०८३/०६/१३ — चलानी नं.: ६०२६३५११ — LT. No.: 337223

सि. नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	न्यूनतम योग्यता	मासिक तलब: AED	मासिक तलब: ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	150	50	स. कामना दक्ष	1000	४०,६४०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।

स्वदेशमा गरिने पि मेडिकल खर्च कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	स्वदेशमा लाग्ने बिमा शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले व्यहोर्ने	कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निषा शुल्क कस्ले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	बि:शुल्क

वैदेशिक रोजगार बिमासम्बद्ध जानकारी : १) आफ्नो नाममा बिमा प्रारम्भ भईसके पश्चात मात्र कम्पनीमा कार्य गर्न थाल्नुपर्छ होला । २) आफू काम गर्न जाने मालुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बर पनि जानकारीमा राख्नुहोला । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई तिर्नुपर्ने छैन । ४) विदेश जानअघि अभिमुखिकरण वा इन्टरनल तालिम अनिवार्य लिनुपर्छ । ५) विदेश जानअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नुपर्छ । ६) कामना विदेश जाली नेपालकै विभागबाट प्रमाण लिनु हुँदैन, अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, तहतालमा सम्पर्क गर्नु होला ।

Support Human Resources Pvt. Ltd.
Mid Baneshwor-31, Kathmandu, Nepal, Contact No : 01-4111126, 9707089500, 9802070434, 9802050422
श्रम इजाजत पत्र नं.: ६६१/०६३/०६४

जापानमा रोजगार

कम्पनिको नाम: Butsuryu Logic Cooperative, Hyogo Prefecture, Japan
पूर्व स्वीकृती मिति : 2026/11/18, लट नं.: 350077, चलानी नं.: 60263521

SN	कामदारको पद	माग संख्या	मासिक तलब: YEN	मासिक तलब: NRS	न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Packing and Packaging Worker	पुरुष ६ जना	184473	173174	N5 पास गरेको हुनु पर्नेछ ।	कम्पनी नियम अनुसार	८ घण्टा	५ दिन	कम्पनी नियम अनुसार	छैन	छ	२ वर्ष

कम्पनिको नाम: Butsuryu Logic Cooperative, Hyogo Prefecture, Japan पूर्व स्वीकृती मिति: 2026/08/07, पूल: पूर्व स्वीकृती मिति: 2026/11/18, लट नं.: 346237, चलानी नं.: 60259458

SN	कामदारको पद	माग संख्या	मासिक तलब: YEN	मासिक तलब: NRS	न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Packing and Packaging Worker	पुरुष १ जना महिला १ जना	193020	181198	N5 पास गरेको हुनु पर्नेछ ।	कम्पनी नियम अनुसार	८ घण्टा	५ दिन	कम्पनी नियम अनुसार	छैन	छ	२ वर्ष

कम्पनिको नाम: Butsuryu Logic Cooperative, Hyogo Prefecture, Japan पूर्व स्वीकृती मिति: 2026/02/10, पूल: पूर्व स्वीकृती मिति: 2026/11/18, लट नं.: 338748, चलानी नं.: 60252228

SN	कामदारको पद	माग संख्या	मासिक तलब: YEN	मासिक तलब: NRS	न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Industrial Packaging	पुरुष १ जना	184473	173174	N5 पास गरेको हुनु पर्नेछ ।	कम्पनी नियम अनुसार	८ घण्टा	५ दिन	कम्पनी नियम अनुसार	छैन	छ	३ वर्ष

कम्पनिको नाम: Butsuryu Logic Cooperative, Hyogo Prefecture, Japan पूर्व स्वीकृती मिति: 2025/08/13, पूल: पूर्व स्वीकृती मिति: 2026/11/18, लट नं.: 329191, चलानी नं.: 60243002

SN	कामदारको पद	माग संख्या	मासिक तलब: YEN	मासिक तलब: NRS	न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा सुविधा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Packing and Packaging Worker	पुरुष २ जना महिला १ जना	177963	167063	N5 पास गरेको हुनु पर्नेछ ।	कम्पनी नियम अनुसार	८ घण्टा	५ दिन	कम्पनी नियम अनुसार	छैन	छ	३ वर्ष

स्वदेशमा गरिने पि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने वा नदिने	स्वदेशमा लाग्ने बिमा शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने वा नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने, कति लाग्ने	निषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	प्रबर्द्धन शुल्क
कामदार आफै	दिने	कामदार आफै	हुने, रोजगारदाताले	नि:शुल्क	नि:शुल्क	रू ७०० लाग्ने, कामदार आफै	नि:शुल्क

वैदेशिक रोजगार बिभागबाट राइएको जानकारी: १) आफुनो नाममा बिमा शुल्क भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु सुधमा राख्नुहोला । आफू काठ्मान्डौमा पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई तिर्नुहोला । ४) विदेश जानअघि अभिमुखिकरण वा इन्टरनल तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्रोसँग बुझ्नुहोला । ६) कामना विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग बुढानगरमा सम्पर्क गर्नुहोला ।

GOOD LIFE INTERNATIONAL
LIC NO.: 17/047/048
माथिका सबै कम्पनिहरुको अन्तर्वार्ता कम्पनिको प्रतिनीधिबाट मिति २०८३ मंसिर १० गते होटल ले हिमालया लाजिम्पाटमा हुनेछ ।
GOOD LIFE INTERNATIONAL EMPLOYMENT AGENCY NEPAL PVT. LTD.
Kathmandu-26, Samakhushi, Nepal. Tel. No.: +977-1-4979100 Mob: 9816909265, E-mail: info@goodlifenepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

असहमतिमाथि अपमान

सामाजिक सञ्जाल विचार अभिव्यक्त गर्ने, असहमति राख्ने र सार्वजनिक विषयमा बहस गर्ने खुला मञ्च हो । तर यही मञ्च पछिल्लो समय गालीगलौज, चरित्रहत्या, अश्लीलता र धम्कीले फोहोर बन्दै गएको छ । विचारको प्रतिवाद विचारले गर्ने लोकतान्त्रिक संस्कार कमजोर हुँदै जाँदा व्यक्तिमाथि गालीमार्फत आक्रमण गर्ने प्रवृत्ति मौलाएको छ । यसले अभिव्यक्ति स्वतन्त्रताको मर्ममाथि नै प्रहार गरिरहेको छ । कुनै सार्वजनिक व्यक्तिको धारणा, निर्णय वा कामको आलोचना हुनु स्वाभाविक हो । आलोचना र असहमतिलाई लोकतन्त्रमा सामान्य मानिन्छ । तर विचारसँग असहमत हुँदैमा कसैको रूप, पहिरन, चरित्र, परिवार र निजी जीवनमाथि अश्लील टिप्पणी गर्नु वा ज्यान मार्ने तथा बलात्कार गर्ने धम्की दिनु गम्भीर डिजिटल हिंसा हो । यस्तो व्यवहारलाई अभिव्यक्ति स्वतन्त्रताको आवरणमा संरक्षण गर्न मिल्दैन ।

फरक राजनीतिक वा सामाजिक धारणा राखेकै आधारमा महिलालाई लक्षित गरी अश्लील गाली र धम्की दिनु असहिष्णु सामाजिक मनोवृत्तिको अभिव्यक्ति हो । यसले सार्वजनिक बहसमा महिलाको सहभागितालाई निरूत्साहित गर्ने जोखिमसमेत बढाउँछ । सामान्य नागरिकदेखि सामाजिक अभियन्ता र पत्रकारसम्म यस्तो आक्रमणको जोखिममा छन् । साइबर ब्युरोमा एक वर्षमा २० हजारभन्दा बढी उजुरी दर्ता हुनु समस्याको गम्भीरताको संकेत हो । तीमध्ये हजारौं उजुरी महिलाका छन् । बुलिङ, घृणायुक्त अभिव्यक्ति, निजी तस्बिरको दुरूपयोग र यौन प्रकृतिका धम्कीले डिजिटल हिंसाको स्वरूप झन् भयावह बन्दै गएको देखाउँछन् । सामाजिक सञ्जालमा नक्कली पहिचान र गोपनीयताको भ्रमले जिम्मेवारीबोध कमजोर बनाएको मनोविद्को विश्लेषण पनि विचारणीय छ ।

सामाजिक सञ्जालका एल्गोरिदमले बढी प्रतिक्रिया र अन्तरक्रिया पाउने सामग्रीलाई थप प्रयोगकर्तासम्म पुऱ्याउन सक्छन् । उत्तेजक र विवादास्पद सामग्रीले बढी ध्यान पाउने प्रवृत्तिले गालीगलौजलाई समेत बढवा दिन सक्छ । त्यसैले समस्या प्रयोगकर्ताको व्यवहारमा मात्र सीमित छैन, प्लेटफर्मको जवाफदेहितासँग पनि जोडिएको छ । यसको समाधान अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण गरेर होइन, जिम्मेवार अभिव्यक्ति र कानुनी शासनको प्रभावकारी कार्यान्वयन गरेर हुनुपर्छ । प्रहरीले उजुरीको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनअनुसार कारबाही गर्नुपर्छ । पीडितको गोपनीयता र सुरक्षालाई प्राथमिकता दिनुपर्छ । सामाजिक सञ्जाल कम्पनीले पनि अपमानजनक सामग्री, धम्की र निजी सामग्रीको दुरूपयोग रोक्न प्रभावकारी संयन्त्र बनाउनुपर्छ ।

गालीलाई सामान्य प्रतिक्रिया ठान्ने र पीडितलाई नै चुप लाग्न बाध्य पार्ने प्रवृत्ति स्वीकार्य हुन सक्दैन । असहमति राख्ने अधिकार सबैलाई छ, तर कसैको सम्मान र सुरक्षामाथि आक्रमण गर्ने छुट कसैलाई छैन । लोकतन्त्रमा विचारको प्रतिस्पर्धा हुनुपर्छ । त्यसैले गालीको एल्गोरिदम रोकिनुपर्छ ।

भारत भ्रमणमा राष्ट्रिय स्वार्थ

प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमण दुई देशबीचको सम्बन्ध नवीकरण गर्ने औपचारिक अवसर मात्र होइन, नेपालको आर्थिक तथा कूटनीतिक हित स्थापित गर्ने महत्त्वपूर्ण अवसर पनि हो । व्यापार घाटा न्यूनीकरण, नेपाली उत्पादनको बजार पहुँच, पारवहन सुविधा, हवाई प्रवेशमार्ग, ऊर्जा सहकार्य र सीमा समस्यामा ठोस प्रगति खोज्नु यस भ्रमणको प्राथमिकता हुनुपर्छ । प्रतिबद्धता होइन, परिणाम आवश्यक छ ।

अग्रलेख



● डा. सुमनकुमार रेग्मी

नेपाल र भारतबीचको सम्बन्ध भौगोलिक निकटतामा मात्र सीमित छैन । खुला सीमा, सामाजिक तथा पारिवारिक सम्बन्ध, व्यापार, रोजगारी, संस्कृति र धार्मिक आस्थाले दुई देशलाई ऐतिहासिक रूपमा जोड्दै आएका छन् । नेपालका लाखौं नागरिक भारतीय बजारमा रोजगारीका लागि निर्भर छन् । नेपालको वैदेशिक व्यापार र पारवहनमा पनि भारतको महत्त्वपूर्ण भूमिका छ । चीनसँग पनि नेपालको ऐतिहासिक, आर्थिक र कूटनीतिक सम्बन्ध रहँदै आएको छ । तथापि भौगोलिक अवस्थिति र जनस्तरको निकटताका कारण भारतसँगको सम्बन्ध नेपालको विदेश नीतिको विशेष प्राथमिकतामा रहँदै आएको छ ।

यही पृष्ठभूमिमा प्रधानमन्त्री वालेन्द्र शाहको भारत भ्रमणलाई महत्त्वका साथ हेरिएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा हुन लागेको यो भ्रमण प्रधानमन्त्री शाहका लागि भारतसँगको सम्बन्धलाई नयाँ आधारमा अघि बढाउने अवसर हो । भ्रमणमा आर्थिक सहकार्य, हवाई सम्पर्क विस्तार, विकास आयोजना र दुई देशबीचका विद्यमान समस्याबारे छलफल हुने अपेक्षा गरिएको छ । नेपालले विपद्पछिको पुनर्निर्माणका लागि सहयोग, थप हवाई प्रवेशमार्ग र लामो समयदेखि रोकिएका परियोजनामा प्रगति खोजिरहेको छ ।



नेपाल-भारत सम्बन्धमा उच्चस्तरीय भ्रमण र भेटघाटको लामो इतिहास छ । गणतन्त्र भारतका प्रथम राष्ट्रपति राजेन्द्रप्रसाद र प्रधानमन्त्री जवाहरलाल नेहरूको समयदेखि दुई देशबीच उच्चस्तरीय सम्पर्क र भ्रमण हुँदै आएको हो । पछिल्लो समय प्रधानमन्त्री मोदीले अघि सारेको 'छिमेकी पहिलो' नीतिले पनि नेपालसँगको सम्बन्धलाई प्राथमिकता दिएको देखिन्छ । तर, उच्चस्तरीय भेटघाट र प्रतिबद्धता धेरै भए पनि कतिपय विषय वर्षौंदेखि अल्झिएका छन् । त्यसैले प्रधानमन्त्री शाहको भ्रमणको सफलता औपचारिक कार्यक्रम र संयुक्त वक्तव्यमा होइन, पुराना प्रतिबद्धता कार्यान्वयनमा कति अघि बढ्छन् भन्ने आधारमा मूल्यांकन गरिनुपर्छ ।

नेपालको प्रमुख सरोकार व्यापार र पारवहन हो । भारत नेपालको सबैभन्दा ठुलो व्यापारिक साझेदार भए पनि दुई देशबीचको व्यापार सन्तुलित छैन । नेपालको वैदेशिक व्यापारको ठुलो हिस्सा भारतसँग निर्भर छ । नेपाली वस्तुले भारतीय बजारमा सहज प्रवेश पाउन नसक्नु, गैरभन्सार अवरोध, गुणस्तर परीक्षणमा दोहोरो मापदण्ड र भन्सार प्रक्रियाका जटिलता नेपाली व्यवसायीले लामो समयदेखि भोग्दै आएका समस्या हुन् । नेपाली चिया, जडीबुटी, तयारी पोसाक तथा कृषि उत्पादनको निर्यात विस्तारका लागि भारतीय बजारमा सहज र समान अवसर आवश्यक छ ।

नेपाल-भारत व्यापार तथा पारवहन सन्धि र तिनका कार्यान्वयनसम्बन्धी व्यवस्थामा पनि पुनरावलोकन आवश्यक छ । सन् २००९ को व्यापार सन्धि र सन् २०१३ मा नवीकरण गरिएको पारवहन सन्धिका कतिपय प्रावधानले नेपालको तेस्रो मुलुकसँगको व्यापारलाई अपेक्षित सहजता दिन सकेका छैनन् । व्यापार सन्धिमा समेटिएका कतिपय सुविधा पारवहनसम्बन्धी कार्यान्वयन व्यवस्थामा नपर्दा नेपालले तिनको उपयोग गर्न पाएको छैन । सन्धि नवीकरणका क्रममा यस्ता विषयमा पर्याप्त गृहकार्य गरी नेपालको हित सुरक्षित गर्नुपर्छ ।

तेस्रो मुलुकसँगको व्यापार सहज बनाउन भारतका बन्दरगाह, रेलमार्ग र पारवहन सुविधाको प्रभावकारी उपयोग गर्न सक्नुपर्छ । विशाखापटनम बन्दरगाह, कोलकाता तथा अन्य पारवहन मार्ग र बंगलादेशसँग जोडिने रेल तथा सडक सम्पर्कका विषयमा विगतमा भएका सहमति व्यवहारमा कार्यान्वयन हुनुपर्छ । रोहनपुर-सिंहाबाद रेलमार्ग, फूलबारी-बंगलाबन्ध मार्ग र बंगलादेशसँगको ढुवानी सुविधाले नेपालको व्यापार विविधीकरणमा सहयोग पुऱ्याउन सक्छन् । व्यापार सहजीकरणका लागि भन्सार पूर्वाधार, एकीकृत जाँच चौकी र गुणस्तर परीक्षणसम्बन्धी पारस्परिक मान्यताको व्यवस्था पनि प्रभावकारी बनाउनुपर्छ ।

नेपाल-भारत अन्तरसरकारी समितिका बैठक नियमित नहुँदा पनि व्यापार तथा पारवहनका समस्या समयमा सम्बोधन हुन सकेका छैनन् । सचिवस्तरीय बैठकमा व्यापार, पारवहन, अनधिकृत कारोबार नियन्त्रण, भन्सार प्रक्रिया र आर्थिक सहकार्यका विषयमा छलफल हुँदै आएको छ । तर बैठक नियमित नहुँदा सहमति कार्यान्वयन र नयाँ समस्या समाधानमा ढिलाइ हुने गरेको छ । यस्तो संयन्त्रलाई नियमित, परिणाममुखी र जिम्मेवार बनाउनुपर्ने आवश्यकता छ । प्रधानमन्त्रीको भ्रमणले उच्चस्तरीय राजनीतिक संवादसँगै यस्ता प्राविधिक संयन्त्रलाई सक्रिय बनाउने आधार तयार गर्नुपर्छ ।

यसपटकको भ्रमणमा हवाई सम्पर्क विस्तार अर्को महत्त्वपूर्ण विषय हो । भैरहवास्थित गौतम बुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित अन्तर्राष्ट्रिय उडान सञ्चालन सहज बनाउन नेपालले लामो समयदेखि थप हवाई प्रवेशमार्ग मागदै आएको छ । महेन्द्रनगर र भैरहवातर्फबाट थप प्रवेशमार्ग उपलब्ध भए उडानको दूरी र सञ्चालन खर्च घटाउन सहयोग पुग्न सक्छ । यसले अन्तर्राष्ट्रिय विमानस्थलको उपयोगिता बढाउनुका साथै पर्यटन प्रवर्धनमा पनि योगदान पुऱ्याउन सक्छ । यस विषयलाई सामान्य प्राविधिक छलफलमा सीमित नगरी उच्च राजनीतिक तहबाट टुंग्याउन आवश्यक छ । ऊर्जा सहकार्यमा पनि नेपालले ठोस उपलब्धि खोज्नुपर्छ । जलविद्युत् उत्पादन र विद्युत् व्यापारको सम्भावना ठुलो भए पनि आयोजना निर्माण, प्रसारण लाइन र बजार सुनिश्चितताका विषयमा अझै काम गर्नपर्नेछ । महाकाली सन्धिअन्तर्गत अघि बढाउन खोजिएको पञ्चेश्वर बहुउद्देश्यीय परियोजना दशकौंदेखि चर्चामा छ । लागत, पानीको उपयोग र लाभ बाँडफाँटमा देखिएका मतभेद समाधान नगरी आयोजना अघि बढ्न सक्दैन । दुवै देशले प्राविधिक र राजनीतिक तहमा सहमति कायम गरी स्पष्ट समयसीमा निर्धारण गर्न सके यसले ऊर्जा सहकार्यलाई नयाँ गति दिन सक्छ ।

विपद्पछिको पुनर्निर्माणका लागि भारतसँग सहयोग माग्नु पनि नेपालको तत्कालीन आवश्यकता हो । बाढीपहिरोबाट क्षतिग्रस्त पूर्वाधारको पुनर्निर्माण, प्रभावित समुदायको पुनर्स्थापना र जनजीवन सामान्य बनाउन ठुलो स्रोत आवश्यक छ । नेपालले प्रस्ताव गरेको आर्थिक सहयोग अनुदान र सहुलियतपूर्ण ऋणको स्वरूपमा उपलब्ध गराउन सके पुनर्निर्माणमा महत्त्वपूर्ण योगदान पुग्न सक्छ । तर सहयोगको आकारसँगै त्यसका सर्त, प्राथमिकता र कार्यान्वयन प्रक्रिया पनि नेपालको हितअनुकूल हुनुपर्छ ।

यी आर्थिक तथा विकासका विषयसँगै सीमा समस्या पनि नेपाल-भारत सम्बन्धको संवेदनशील पक्ष हो । कालापानी, लिम्पियाधुरा र सुस्तालगायत क्षेत्रमा रहेका विवादलाई संवाद र कूटनीतिक माध्यमबाट समाधान गर्ने नेपालको अडान स्पष्ट हुनुपर्छ । खुला सीमाका कारण उत्पन्न हुने तस्करी, अवैध कारोबार र अन्य समस्याको नियन्त्रणका लागि पनि दुवै देशबीच प्रभावकारी समन्वय आवश्यक छ । सीमा समस्या उठाउँदा सम्बन्ध बिग्रने डर राख्नु हुँदैन, न त त्यसलाई उत्तेजनाको विषय बनाउनु उचित हुन्छ । नेपालको सार्वभौमिकता र भौगोलिक अखण्डतामा स्पष्ट रहँदै संयमित कूटनीति अपनाउनु आवश्यक छ ।

प्रधानमन्त्रीको भारत भ्रमण देशको प्रतिनिधित्व गर्ने अवसर हो । त्यसैले भ्रमणका एजेन्डा तयार गर्दा सरकारको मात्र होइन, प्रमुख राजनीतिक दल, विज्ञ, निजी क्षेत्र र सरोकारवालाको सुझाव समेटेर राष्ट्रिय सहमति बनाउनुपर्छ । भारतसँगको सम्बन्धलाई सन्तुलित, विश्वासिलो र परिणाममुखी बनाउनु दुवै देशको हितमा छ । नेपालले आफ्नो राष्ट्रिय हित स्पष्ट राख्दै छिमेकीसँग सहकार्य गर्नुपर्छ ।

प्रधानमन्त्री शाहको भ्रमणले पुराना प्रतिबद्धता दोहोऱ्याउनेभन्दा तिनको कार्यान्वयनको बाटो खोल्न सक्नुपर्छ । व्यापार घाटा घटाउने, नेपाली उत्पादनको बजार विस्तार गर्ने, पारवहन र हवाई सम्पर्क सहज बनाउने, ऊर्जा आयोजना अघि बढाउने तथा सीमा समस्यामा संवादलाई निरन्तरता दिने विषयमा ठोस प्रगति आवश्यक छ । भ्रमणको वास्तविक सफलता यही परिणामले निर्धारण गर्नेछ ।

(लेखक व्यापार तथा निकासी प्रवर्धन केन्द्रका पूर्वनायब कार्यकारी निर्देशक हुन् ।)

क्षणिक लाभको चक्र

सोच



● निरन्जन राजभण्डारी

नेपाली समाजमा तत्काल परिणाम खोज्ने प्रवृत्तिले दीर्घकालीन योजना र विकासको निरन्तरता कमजोर बनाएको छ । यो समस्या सरकार वा नेतृत्वको मात्र होइन, हाम्रो सामाजिक संस्कार र आर्थिक सोचको पनि हो । अब पाँच महिनाको उपलब्धिभन्दा पाँच दशकपछिको भविष्य सोच्ने समय आएको छ ।



नेपाली समाजमा एउटा प्रवृत्ति निकै खड्किन्छ- हामी हरेक कुराको परिणाम तत्काल खोज्छौं । सरकारको योजना होस्, गाउँको विकास, व्यवसाय वा कृषि, सबैमा छोटो अवधिको उपलब्धिलाई बढी महत्त्व दिइन्छ । आजै परिणाम चाहिन्छ, भोलि नै नाफा चाहिन्छ र तत्कालै परिवर्तन देखिनुपर्छ । तर १०, २० वा ५० वर्षपछि हाम्रो समाज, गाउँ, व्यवसाय र देश कस्तो हुने भन्ने सोच र योजना कति छ ?

सरकार परिवर्तनसँगै योजना र प्राथमिकता फेरिन्छन् । गाउँको नेतृत्व बदलिँदा विकासका प्राथमिकता बदलिन्छन् । व्यवसायमा आजको नाफालाई महत्तव दिइन्छ, तर त्यसलाई आगामी पुस्ताले कसरी निरन्तरता दिने भन्ने सोच कम देखिन्छ । हामी पाँच वर्षपछिको भविष्य सोच्नुभन्दा पाँच महिनाभित्र देखाउन सकिने परिणाममा बढी केन्द्रित छौं ।

आखिर किन यस्तो भइरहेको छ ? दोष कसको हो ? के हाम्रो शिक्षा प्रणालीले दीर्घकालीन सोच विकास गर्न सकेन ? के हाम्रो सामाजिक संस्कार तत्काल परिणाम खोज्ने खालको बन्यो ? वा पुस्तौंसम्म टिक्ने संरचना र संस्था निर्माण गर्न आवश्यक धैर्य हामीमा भएन ?

यो समस्या सरकार वा राजनीतिक नेतृत्वमा मात्र सीमित छैन । सरकारमा पुग्नेहरू पनि यही समाजबाट आएका हुन् । त्यसैले दीर्घकालीन सोचको अभाव राज्य सञ्चालनमा मात्र होइन, हाम्रो सामाजिक चिन्तन र व्यवहारमै छ । यसको जरो शिक्षा प्रणाली, सामाजिक संस्कार, राजनीतिक अभ्यास र आर्थिक सोचमा खोज्नुपर्छ ।

हामीमा तत्काल परिणाम खोज्ने प्रवृत्ति बलियो छ । व्यवसाय सुरु गर्दा छिटो नाफा चाहिन्छ । कृषि गर्दा एकै वर्षमा उत्पादन र आम्दानी खोजिन्छ । राजनीतिमा अर्को चुनावअघि नै उपलब्धि देखाउनुपर्ने दबाब हुन्छ । तर दीर्घकालीन उपलब्धिका लागि तत्कालको लाभभन्दा भविष्यको सम्भावनालाई प्राथमिकता दिन सक्ने धैर्य कम देखिन्छ । विकासका कतिपय कामको परिणाम आउन वर्सौं लाग्छ भन्ने यथार्थ हामीले स्वीकार गर्न सकेका छैनौं ।

हाम्रो शिक्षा प्रणालीले परीक्षा, प्रमाणपत्र र रोजगारीका लागि जनशक्ति तयार गर्नुलाई बढी प्राथमिकता दिएको छ । तर भविष्यको योजना कसरी बनाउने, स्रोतको व्यवस्थापन कसरी गर्ने, जोखिमको मूल्यांकन कसरी गर्ने र पुस्तौंसम्म टिक्ने संरचना कसरी निर्माण गर्ने भन्ने व्यावहारिक सोच विकास गराउने पक्ष पनि उत्तिकै महत्त्वपूर्ण छ । शिक्षा व्यक्तिगत सफलता हासिल गर्ने माध्यम मात्र होइन, समाज र राष्ट्रको भविष्य निर्माण गर्ने आधार पनि हो ।

राजनीतिक नेतृत्व र योजनाको निरन्तरतामा देखिएको समस्या अर्को प्रमुख कारण हो । एउटा सरकारले सुरु गरेको योजना अर्को सरकारले निरन्तरता दिन्छ कि दिँदैन भन्ने अनिश्चितता छ । सरकार फेरिँदा प्राथमिकता बदलिने र अघिल्लो नेतृत्वका योजनालाई स्वामित्व नलिने प्रवृत्तिले दीर्घकालीन विकासलाई कमजोर बनाउँछ । विकासका योजना कुनै दल वा नेताका निजी उपलब्धि होइनन्, राज्यका साझा प्रतिबद्धता हुन् भन्ने मान्यता स्थापित हुन सकेको छैन । त्यस्तै, समाज र व्यवसायमा पुस्तान्तरणको सोच पनि कमजोर छ । हामी आफूले कति कमाउने, कति बनाउने र कति उपभोग गर्ने भन्नेमा बढी केन्द्रित छौं । आफूले सुरु गरेको काम आगामी पुस्ताले कसरी अघि बढाउने, आफूले बनाएको संरचनाले उनीहरूलाई के लाभ दिन्छ र आफूपछि समाजलाई के छाडेर जाने भन्ने प्रश्नमा पर्याप्त ध्यान दिँदैनौं । कुनै पनि व्यवसाय, संस्था वा सामाजिक अभियानको सफलता त्यसको संस्थापकसँगै समाप्त नहुनुमा हुन्छ । यो हाम्रो हावापानी वा भौगोलिक अवस्थाको मात्र समस्या होइन । हामीजस्तै चुनौती भएका देशहरूले पनि पुस्तौंसम्मका पूर्वाधार, कृषि, उद्योग र सहरी विकासका योजना बनाएका छन् । त्यसका लागि स्पष्ट दृष्टिकोण, बलिया संस्था, सक्षम नेतृत्व र योजनालाई निरन्तरता दिने राजनीतिक तथा सामाजिक संस्कार आवश्यक हुन्छ । विकासको गति मात्र पर्याप्त हुँदैन, त्यसको दिशा र निरन्तरता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । आजको पुस्ताले बनाउने योजना आजकै पुस्ताका लागि मात्र हुनु हुँदैन । त्यसले भोलिका पुस्तालाई अवसर, सम्भावना र बलियो आधार दिन सक्नुपर्छ । देश निर्माण भनेको पाँच वर्षको उपलब्धि वा एउटा कार्यकालको सफलता होइन, पुस्तौंसम्म हस्तान्तरण गर्न सकिने भविष्य निर्माण गर्नु हो ।

हामी आफ्नो जीवनकालमा कति कमाउने र कति बनाउने भन्ने सोचिरहेका छौं । तर हामीपछि आउने पुस्ताका लागि के छाडेर जाने ? यो प्रश्न व्यक्ति, समाज, व्यवसाय र राजनीतिक नेतृत्व सबैले आफैंलाई सोध्नुपर्छ ।

त्यसैले अबको बहस सरकार वा सत्ता परिवर्तनमा मात्र सीमित हुनु हुँदैन । बदल्नुपर्ने हाम्रो सोच, प्राथमिकता र संस्कार हो । तत्काल परिणाम खोज्ने प्रवृत्तिबाट बाहिर निस्केर दीर्घकालीन योजना बनाउने, त्यसलाई निरन्तरता दिने र भविष्यका पुस्ताप्रति जिम्मेवार हुने संस्कार विकास गर्न सके मात्र दिगो विकास सम्भव हुन्छ । हामीलाई पाँच महिनाको उपलब्धि होइन, पुस्तौंसम्म टिक्ने भविष्य निर्माण गर्ने सोच चाहिएको छ ।

(लेखक युवा व्यवसायी हुन् ।)

इतिहासको पाना

● सन्तोष खडेरी

११ भाषा जान्ने प्रधानमन्त्री



नेपालका पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला राजनीतिक जीवनका कारण मात्र होइन, असाधारण भाषिक क्षमता र कूटनीतिक भूमिकाका कारण पनि स्मरणीय छन् । नेपालीबाहेक १० भाषाको ज्ञान भएका उनी सम्भवतः धेरै भाषा जान्ने नेपाली प्रधानमन्त्रीमध्ये एक थिए । हिन्दी, बंगला, मैथिली, भोजपुरी, उर्दू, राजस्थानी, अंग्रेजी, अवधी, संस्कृत र नेवारी भाषामा उनको दखल थियो । अवधी र संस्कृत बुझ्ने उनी अन्य भाषा धाराप्रवाह बोल्न सक्थे ।

वि.सं. १९६९ पुस १७ गते विराटनगरमा जन्मिएका कोइरालाले बाल्यकालको लामो समय भारतमा बिताए । परिवार राजनीतिक कारणले भारत प्रवासमा गएपछि उनले काशी, सहरसा, दरभंगा र चम्पारणलगायत स्थानमा बस्ने अवसर पाए । भारतमै भएको अध्ययन र विभिन्न भाषिक समुदायसँगको सम्पर्कले उनको भाषिक क्षमता विकास गरेको थियो ।

उनको भाषिक दक्षताको एउटा रोचक प्रसंग राजस्थानको बिकानेरसँग जोडिएको छ । मित्रको छोराको विवाहमा सहभागी हुन पुगेका उनलाई स्थानीय नगरपालिकाले नागरिक अभिनन्दन गरेको थियो । सम्मानपत्र हिन्दी भाषामा लेखिएको थियो । तर, जवाफ दिने क्रममा उनले राजस्थानी भाषाको प्रयोग गरेका थिए ।

२००७ सालको प्रजातन्त्रपछि २००८ मंसिर १ गते उनी सर्वसाधारण नेपाली जनताको तर्फबाट पहिलो प्रधानमन्त्री नियुक्त भए । उनले दुईपटक प्रधानमन्त्रीको जिम्मेवारी सम्हाले । राजा त्रिभुवनले उनलाई मेजर जनरलको सैनिक उपाधिसमेत दिएका थिए । २००७ सालपछि यस्तो उपाधि पाउने प्रधानमन्त्री उनी एक मात्र भएको बताइन्छ ।

मातृकाप्रसादको अर्को विशिष्ट परिचय कूटनीतिक भूमिकासँग जोडिएको छ । दुईपटक प्रधानमन्त्री भइसकेका उनी राजा महेन्द्रको सिफारिसमा सन् १९६१ मा अमेरिकाका लागि नेपाली राजदूत र संयुक्त राष्ट्रसंघका लागि स्थायी प्रतिनिधि नियुक्त भए । तीन वर्षपछि राजीनामा दिएर नेपाल फर्किएका उनले आफू राष्ट्रिय परिस्थितिमा राजालाई सहयोग गर्न उक्त जिम्मेवारीमा गएको बताएका थिए ।

प्रधानमन्त्रीका रूपमा गरेका केही सन्धि-सम्झौता राष्ट्रहितविपरीत भएको भन्दै उनको आलोचना पनि भएको थियो । तथापि, भाषिक क्षमता, राजनीतिक उतारचढाव र कूटनीतिक जिम्मेवारीका कारण मातृकाप्रसाद कोइरालाको जीवन नेपालको राजनीतिक इतिहासमा अनेक रोचक प्रसंगले भरिएको छ ।

नोट : यो तस्बिर उनका दिवंगत छोरा कमलप्रसाद कोइरालाले आफू जीवित छँदै फेसबुकमा राखेका हुन् । त्यसलाई एआईबाट केही सम्पादन गरिएको छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

भोटेकोशीका पीडितको सम्झनामा कोप–३१ मा प्रदर्शन



काठमाडौं/मस– संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलन (कोप-३१) चलिरहेका बेला नेपालका युवा, आदिवासी जनजाति अगुवा तथा अन्तर र्ाष्ट्रिय जलवायु अभियन्ताहरूले भोटेकोशी बाढीपहिरोका पीडितको सम्झनामा सांकेतिक प्रदर्शन गरेका छन् ।

सम्मेलनस्थलमा आयोजित प्रदर्शनमार्फत उनीहरूले जलवायु संकटबाट प्रभावित नेपालजस्ता विकासशील मुलुकका लागि न्यायपूर्ण क्षतिपूर्ति, पर्याप्त जलवायु वित्त र ऋणमुक्त अनुदान उपलब्ध गराउन अन्तर्राष्ट्रिय समुदायसँग माग गरेका छन् ।

गत अगस्ट २६ मा नेपालमा आएको विनाशकारी बाढीले ठुलो जनधनको क्षति पुऱ्याएको थियो। उक्त विपद्मा ज्यान गुमाएका व्यक्तिहरूको सम्झनामा प्रदर्शनस्थलमा प्रतीकात्मक पुतला राखिएको थियो । सहभागीहरूले जलवायु परिवर्तनका कारण प्रभावित समुदायले भोग्नुपरेको पीडा र कठिनाइलाई विश्व समुदायसमक्ष प्रस्तुत गरेका थिए ।

जलवायु अभियन्ता आकृति डोटेलले नेपालले जलवायु विपद्का कारण ठुलो क्षति व्यहोर्नुपरे पनि अन्तर्राष्ट्रिय समुदायबाट सहानुभूति मात्र पर्याप्त नहुने बताइन् । अब प्रभावित समुदायको पुनर्स्थापना र क्षतिपूर्तिका लागि वास्तविक आर्थिक सहयोग आवश्यक रहेको उनको भनाइ थियो ।

उनले जलवायु वित्तसम्बन्धी निर्णय लिन कोप सम्मेलन उपयुक्त मञ्च भएको उल्लेख गर्दै अहिलेको अवसर सदुपयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गरिन् । प्रभावित समुदायलाई थप ऋणको भार बोकाउने नभई क्षतिपूर्तिमा आधारित आर्थिक सहायता उपलब्ध गराउनुपर्नेमा उनले जोड दिइन् ।

वार्ता र वास्तविकताबीच ठुलो अन्तर

जलवायु अभियन्ता प्रयास अधिकारीले अन्तर्राष्ट्रिय सम्मेलनमा जलवायु न्याय, वित्त तथा हानि र नोक्सानीका विषयमा छलफल भए पनि त्यसको प्रत्यक्ष लाभ प्रभावित समुदायसम्म पुग्न नसकेको बताए । उनका अनुसार सम्मेलनमा गरिएका प्रतिबद्धता र सम्झौताले विपद्बाट प्रभावित नागरिकको दैनिक जीवनमा अपेक्षित परिवर्तन ल्याउन सकेका छैनन् । भोटेकोशीको विपद् यसैको एउटा उदाहरण भएको उनले उल्लेख गरे । अधिकारीले जलवायु संकटलाई सम्बोधन गर्ने विषय कागजी छलफलमा मात्र सीमित नराखी प्रभावित समुदायको जीवन र जीविकोपार्जनसँग जोड्नुपर्ने बताए । वार्ताका क्रममा साना विषयमा लामो छलफल भइरहँदा प्रभावित नागरिकले भने आफ्नो घर, परिवार र रोजगारी गुमाइरहेको उनको भनाइ थियो ।

क्षति अबौंमा, आवश्यकता खबौंमा

जलवायु अभियन्ता प्रज्ञा शेरचनले जलवायु परिवर्तनमा नेपालको योगदान न्यून भए पनि त्यसको असर भने नेपाली समुदायले ठूलो मात्रामा भोग्नुपरेको बताइन् । उनले महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति समुदाय जलवायुजन्य विपद्बाट बढी प्रभावित भइरहेको उल्लेख गर्दै विकसित राष्ट्रहरूले आफ्नो ऐतिहासिक जिम्मेवारीअनुसार सहयोग गर्नुपर्ने धारणा राखिन् ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/११/२० मा दर्ता भएको **दर्ता नं. १३३०४३** को **अमूल आनन्द प्रा.लि.** को मिति २०८३/०८/०२ गतेमा सम्पन्न एकल शेयरधनीको विशेष साधारण सभा सोसरहको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

लिक्विडेटरः नारायण प्रसाद रेग्मी
इजाजतपत्र नं. ६१८, फोन नं. ९८४५४१०७५४
ठेगाना : का.म.न.पा १०, बुद्धनगर, काठमाडौं

हयाविट्याट पावर कम्पनी लिमिटेड
काठमाडौं ।

चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३ मंसिर ०३ गते

आदरणीय शेयरधनी महानुभावहरु,

यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको मिति २०८३/०७/३० गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.सभा हुने मिति, स्थान तथा समय :

मिति : २०८३ मसिंर २२ गते मंगलबार तदनुसार (December 8, 2026)

स्थान : कम्पनी रजिष्ट्रड कार्यालय काठमाडौं

समय : दिउँसो ठिक ३:०० बजे

२. सभामा छलफल गरिने प्रस्तावहरुः

क) सामान्य प्रस्तावहरु :

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, तथा सोहीमितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्वन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व.२०८३/०८४ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथानिजको पारिश्रमिक निर्धारण गर्ने बारे,

ख) विशेष प्रस्तावहरु :

१) संचालकहरुको सेवा सुविधा सम्बन्धमा,

२) सर्व साधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने सम्बन्धमा,

३) सार्वसधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने सम्बन्धमा नियमनकारी निकायहरुबाट प्रबन्धपत्र तथा नियमावली संशोधन लगायत कुनै पनि किसिमको फेरबदल, संशोधन एवं थपघट सम्बन्धी कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे,

४) कम्पनीको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी हुनेगरि कर्जा लिन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने बारे,

ग) विविध :

अध्यक्षको आज्ञाले
कम्पनी सचिव

समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड
Samata Gharelu Laghubitta Bittiya Sanstha Limited

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतप्राप्त संस्था (राष्ट्रियस्तरको)
केन्द्रीय कार्यालयः बनेपा-७, काभ्रेपलाञ्चोक, नेपाल, फोन नं.: ०११-५९७०००

संस्थापक शेयर खरिद गर्न चाहनु हुने संस्थापक शेयरधनी महानुभावहरूलाई जरूरी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०८/०३ गते

यस संस्थाको विद्यमान संस्थापक शेयरधनीहरुले आफ्नो नाममा रहेको ८३१२.४९ कित्ता संस्थापक शेयरहरु बिक्री गर्ने इच्छा राखी निवेदन दिनु भएको र संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनको परिधि भित्र रही यस कम्पनीको विद्यमान संस्थापक शेयरधनीहरुलाई शेयर खरीदकोलागि प्राथमिकता दिनु पर्ने व्यवस्था बमोजिम उक्त शेयर खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीकोलागि यो सूचना प्रकाशित गरिएको छ । उक्त शेयर खरीद गर्न ईच्छुक विद्यमान संस्थापक शेयरधनी महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी कम्पनीको केन्द्रीय कार्यालय बनेपा-७, काभ्रेपलाञ्चोकमा आफुले खरिद गर्ने शेयर कित्ता तथा दरभाउ सहितको व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ । संस्थापक शेयर खरिद गरी लिने सम्बन्धमा तोकिएको उक्त म्याद भित्र विद्यमान संस्थापक शेयरधनी महानुभावहरुको निवेदन पेश हुन नआएमा प्रचलित नियमानुसार अन्य व्यक्ति वा संस्थालाई बिक्री गर्ने सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कुवेतमा रोजगार

कम्पनी: **soul ladies beauty salon company** पूर्व स्वीकृत मितिः २०८३/०५/२५ चलानी नं.: ६०२६१०२५ LT. No.: 347800 शहर: **KUWAIT** पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Beautician	0	5	स. कामका दक्ष	150	७२५७२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति तामे | विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा मरिने म्याद् जीवन बिमा कस्ले व्होर्ने/कति तामे | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति तामे | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा सट्टापेडि शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति तामे र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति तामे र कस्ले व्होर्ने

कामदारले तिर्ने | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २१४६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क

मेडिकल रोजगार बिमालगायत अन्यबारेको जानकारी :– १. आफ्नो नामना भिसा प्राप्त भईसके पश्चिमात्र भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु सामना राख्नु होला । आफू बसिरहेको घर/ कम्पनीको नाम र ठेगाना (सुबाना) मा उल्लेख भएको भन्दा बढी रकम कतिलाई माँग्दैनौला । ४. विदेश जानु अघि अनिवार्यरुपमा वा वुझाएपश्चात तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो जाने मुलुक, कामा दिने कम्पनी, पाउने तेवा तलब सुविधा र अन्य जानकारी रजकोबिमा व्यहोरा मात्र सम्पनीमा पठना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसंग राख्नु होला । ६. कामना विदेश जाएपछि नेपालकी विभिन्नमध्ये प्रयोग गर्नु होला, अन्यथा दलिल सम्पत्तिमा दुख्नु । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, शाखामानमा सम्पर्क गर्नु होला ।

SUPREME OVERSEAS PVT. LTD.
Govt. Lic. No. 301/059/60
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, +977 971-6824754
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

Patan Municipality
Office of the Municipal Executive
Patan, Baitadi
Sudurpaschim Province

Invitation for Bids

Invitation for Bids No: PTNMUN/2083/084-01
First Date of publication: 19-NOV-2026 (2083-08-03)

1. Patan Municipality invites sealed bids or electronic bids from eligible bidders for the following contracts as mentioned below under National Competitive Procedure:

S. N.	Contract Identification No.	Work Site and Works Description	Est. Amount (With PS Exclusive of VAT & Contingency) NRs.	Bid Security Amount (NRs.)	Bid Validity Period/ Bid Security Validity Period
1	PTNMUN/ WORKS/2083/084-01	Toli Lift Khanepani Yojana, Patan Municipality 04, Baitadi	4,143,089.82	106,000.00	90 days/120 days
2	PTNMUN/ WORKS/2083/084-02	Saraswati Aa. Bi. Pantyeda Bhawan Nirman Patan Municipality 06, Baitadi	10,050,397.43	260,000.00	90 days/120 days
3	PTNMUN/ WORKS/2083/084-03	Lorkha Sakaar Kailpal Sadak, Patan Municipality 01, Baitadi	11,101,850.17	278,000.00	90 days/120 days
4	PTNMUN/ WORKS/2083/084-04	Dalit Samudayka Lagi Suddha Khanepani Ek Ghar Ek Dhara Karyakram Patan Municipality -01 to 10, Baitadi	1,770,205.16	45,000.00	90 days/120 days

2. Information to deposit the cost of the bidding document in the Following Specified Bank.

Name of Bank	Agricultural Development Bank Ltd.	Contract No	Pre- bid meeting	Last Date of Submission	Date of Opening
Name of Office	Patan Municipality, Office of Municipal Executive, Patan-06, Baitadi.	All Contracts	30-NOV-2026 (2083-08-14) Time:13:00 PM	09-DEC-2026 (2083-08-23) Time:12:00 PM	09-DEC-2026 (2083-08-23) Time:13:00 PM
Office code No	80774402300				
Office Revenue Account No.	0823901302454178				
Revenue Head No.	142229				

3. Information to deposit the cost of the bid security Amount in the bank.

Account Name	Patan Municipality
Name of Bank	Agricultural Development Bank Ltd.
Deposit Account No.	0823901302454021
Office code No.	80774402300

4. A complete set of Bidding Documents may be purchased from the office Patan Municplaity, Office of Municipal Executive, Patan-06, Baitadi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 3,000.00 till 12:00 hours on 09-DEC-2026 (2083-08-23) during office hours. OR Bidders who choose to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp at no cost.

5. Sealed or Electronic bids must be submitted to the office Patan Municipality, Office of Municipal Executiv e, Patan-06, Baitadi by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hours on 09-DEC-2026 (2083-08-23). Bids received after this deadline will be rejected.

6. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Patan Municipality, Office of Municipal Executive, Patan-06, Baitadi, 9865577822 and ptnmun@gmail.com or may visit website www.bolpatra.gov.np/egp.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

For. Chief Administrative officer

नेपाल सरकार
गृह–मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गण
हे.क्वा. कंकालिनी, मोरङ

सम्पत्ति तथा जिन्सी मालसामान र सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्ववानको सूचना

सूचना नं.:– २०८३/०८४/०१

प्रथम पटक प्रकाशित मिति २०८३/०८/०३ गते

यस सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गण हे.क्वा. कंकालिनी मोरङमा रहेको प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गरिने निर्णय भएका सम्पति तथा जिन्सी मालसामान एवं सवारी साधनहरु जे-जस्तो अवस्थामा छन् सो ही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ।यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन (मिति २०८३/०८/२३ गते) भित्र बोलपत्र खरिद गरि २२ औं दिन (२०८३/०८/२४ गते) दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु हुन ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिलाई आह्ववान गरिन्छ । लिलाम बिक्री हुने सम्पति तथा जिन्सी मालसामानहरु र दर्ता नामसारी नहुने सवारी साधनहरु सहितको मु.अ. कर बाहेक न्युनतम कायम जम्मा मुल्य रु. १०,४४,५१९.६६ (अक्षरुपी दश लाख चौवालिस हजार पाँच सय उन्नाईस रुपैया छैसट्ठी पैसा) मात्र रहेको छ । बिस्तृत व्यहोरा बोलपत्र फारम तथा सशस्त्र प्रहरी बल, नेपालको Website: www.apf.gov.np मा राखिएको छ। यस सम्बन्धमा सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गण हे.क्वा. कंकालिनि मोरङ आर्थिक प्रशासन शाखाबाट थप जानकारी प्राप्त गर्न सकिने छ ।

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३ साल मंसिर महिना ३ गते विहीवार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा तपाईले लेखिदिएको सम्पूर्ण चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा प्रचलित कानून अनुसार कारवाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्नुका साथै तपाई ऋणी तथा व्यक्तिगत धनजमानीकर्ता समेतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशिल

१) शाखा कार्यालय : पाल्पा शाखा — **कर्जा शीर्षक : साना व्यक्तिगत कर्जा**

ऋणीको विवरण

मान बहादुर घर्तीमगरको बुहारी ज्ञान बहादुर घर्तीमगरको पत्नी पाल्पा जिल्ला तानसेन न.पा. वडा नं. ३ बस्ने **टिना घर्ती मगर** (ना.प्र.नं. : ३९-०१-७०-०८१६१ जारी मिति र जिल्ला : २०७०/११/१४, पाल्पा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) क्षेत्रमान शाक्यको बुहारी सुरेन्द्र शाक्यको पत्नी पाल्पा जिल्ला तानसेन वडा नं. ३ हाल, तानसेन न.पा. वडा नं. ३ बस्ने **भिम कुमारी शाक्य** (ना.प्र.नं. : १२२३६ जारी मिति र जिल्ला : २०४०/०१/२८, पाल्पा)

२) दल बहादुर मल्लको नाति प्रशान्त मल्लको छोरा पाल्पा जिल्ला तानसेन वडा नं. ३ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **निरज मल्ल** (ना.प्र.नं. : ९४३१० जारी मिति र जिल्ला : २०५९/०४/२२, पाल्पा)

२) शाखा कार्यालय : पाल्पा शाखा — **कर्जा शीर्षक : साना लघु उद्यम कर्जा**

ऋणीको विवरण

जमुना प्रसाद श्रेष्ठको नाति धिरेन्द्र प्रसाद श्रेष्ठको छोरा पाल्पा जिल्ला तानसेन वडा नं. ८ हाल, तानसेन न.पा. वडा नं. ३ बस्ने **सुधिर प्रसाद श्रेष्ठ** (ना.प्र.नं. : ४६४०५ जारी मिति र जिल्ला : २०५१/०९/१०, पाल्पा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) विवेकमान महर्जनको छोरी धिरेन्द्र प्रसाद श्रेष्ठको बुहारी सुधिर प्रसाद श्रेष्ठको पत्नी पाल्पा जिल्ला तानसेन वडा नं. ५ हाल, तानसेन न.पा. वडा नं. ३ बस्ने **शशीलता महर्जन** (ना.प्र.नं. : ६११७२ जारी मिति र जिल्ला : २०५३/०८/०३, पाल्पा)

२) हर्ष बहादुर खड्का क्षेत्रीको नाति पुर्ण बहादुर खड्का क्षेत्रीको छोरा पाल्पा जिल्ला तानसेन वडा नं. ३ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **पाण्डव बहादुर खड्का क्षेत्री** (ना.प्र.नं. : २/६२१८ जारी मिति र जिल्ला : २०६३/०६/३०, पाल्पा)

३) दल बहादुर मल्लको नाति प्रशान्त मल्लको छोरा पाल्पा जिल्ला तानसेन वडा नं. ३ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **निरज मल्ल** (ना.प्र.नं. : ९४३१० जारी मिति र जिल्ला : २०५९/०४/२२, पाल्पा)

३) शाखा कार्यालय : पाल्पा शाखा — **कर्जा शीर्षक : आवास कर्जा**

ऋणीको विवरण

हुम बहादुर सारुको बुहारी गंगा बहादुर सारुको पत्नी पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. ७ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **तोरी सरा सारु** (ना.प्र.नं. : ३९-०१-७६-००९७९ जारी मिति र जिल्ला : २०७६/०२/१०, पाल्पा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) लाल बहादुर सारुको नाति हुम बहादुर सारुको छोरा पाल्पा जिल्ला चिर्तुङधारा वडा नं. ९ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **गंगा बहादुर सारु** (ना.प्र.नं. : ४२२२० जारी मिति र जिल्ला : २०५०/०५/१४, पाल्पा)

२) जगत बहादुर चर्तीको बुहारी थमन सिं चर्तीको पत्नी पाल्पा जिल्ला खानीछाप वडा नं. १ हाल, बगनासकाली गा.पा. वडा नं. ४ बस्ने **लक्ष्मी चर्ती** (ना.प्र.नं. : ३९३००९/१७ जारी मिति र जिल्ला : २०७०/०२/२५, पाल्पा)

३) शेर बहादुर रानाको बुहारी पदम रानाको पत्नी पाल्पा जिल्ला नायरनमतलेस गा.वि.स. वडा नं. ७ हाल, बगनासकाली गा.पा. वडा नं. ३ बस्ने **लिनी राना** (ना.प्र.नं. : ३९-०१-६९-०७३१४ जारी मिति र जिल्ला : २०६९/१२/०८, पाल्पा)

४) शाखा कार्यालय : पाल्पा शाखा — **कर्जा शीर्षक : साधारण कर्जा**

ऋणीको विवरण

हुम बहादुर सारुको बुहारी गंगा बहादुर सारुको पत्नी पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. ७ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **तोरी सरा सारु** (ना.प्र.नं. : ३९-०१-७६-००९७९ जारी मिति र जिल्ला : २०७६/०२/१०, पाल्पा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) हुम बहादुर सारुको नातिनी गंगा बहादुर सारुको छोरी पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. १ बस्ने **दिप्ती सारु** (ना.प्र.नं. : ३९-०१-७६-००९८१ जारी मिति र जिल्ला : २०७६/०२/१०, पाल्पा)

२) हुम बहादुर सारुको नाति गंगा बहादुर सारुको छोरा पाल्पा जिल्ला बगनासकाली गा.पा. वडा नं. १ बस्ने **नेत्र बहादुर सारु** (ना.प्र.नं. : ३९-०१-७४-०८६२३ जारी मिति र जिल्ला : २०७४/११/२०, पाल्पा)

३) लाल बहादुर सारुको नाति हुम बहादुर सारुको छोरा पाल्पा जिल्ला चिर्तुङधारा वडा नं. ९ हाल, तानसेन न.पा. वडा नं. ६ बस्ने **गंगा बहादुर सारु** (ना.प्र.नं. : ४२२२० जारी मिति र जिल्ला : २०५०/०५/१४, पाल्पा)

५) शाखा कार्यालय : नेपालगंज शाखा — **कर्जा शीर्षक : अधिविकर्ष कर्जा**

ऋणीको विवरण

नाम : **साई सप्लायर्स** प्रोप्राइटरको नाम : जैनाब साई प्रा.फ.र.नं. : बर्दिया ३७५/२९७३/०७१/०७२
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय बर्दिया दर्ता मिति : २०७१/०९/०३
रजिष्टर्ड ठेगाना : बर्दिया जिल्ला कालिका वडा नं. ३ स्थायी लेखा नं. : ६०२८२९२८७.

प्रोप्राइटरको विवरण

जमाल अलि साईको बुहारी सज्जाद अलि साईको पत्नी बर्दिया जिल्ला कालिका वडा नं. ८ हाल, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **जैनाब साई** (ना.प्र.नं. : ६५३००९/५८० जारी मिति र जिल्ला : २०६३/१०/१६, बर्दिया)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) जमाल अलि साईको बुहारी सज्जाद अलि साईको पत्नी बर्दिया जिल्ला कालिका वडा नं. ८ हाल, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **जैनाब साई** (ना.प्र.नं. : ६५३००९/५८० जारी मिति र जिल्ला : २०६३/१०/१६, बर्दिया)

२) शुभराती अलि साईको नाति जमाल अलि साईको छोरा बर्दिया जिल्ला कालिका वडा नं. ८ हाल, बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **सज्जाद अलि साई** (ना.प्र.नं. : ६५३००९/२८ जारी मिति र जिल्ला : २०६३/१०/१०, बर्दिया)

३) जमाल अलि साईको नाति सज्जाद अलि साईको छोरा बर्दिया जिल्ला बढैयाताल गा.पा. वडा नं. ८ बस्ने **इसुब अली साई** (ना.प्र.नं. : ६५-०१-७६-००१८१ जारी मिति र जिल्ला : २०७६/०१/०५, बर्दिया)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Central Office: Lazimpat, Kathmandu
Tel.: 01-5970887
Toll Free No.: 16600149999 (NTC), 18102149999 (Ncell)
E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सुपरहिट भयो 'बाटुलो जून'



काठमाडौं/मस– भुवन केसीको निर्देशनमा बनेको नेपाली फिल्म 'बाटुलो जून'ले प्रदर्शनको पहिलो सातामै सुपरहिटको मान्यता पाएको छ । देशको ठुलो मल्टिप्लेक्स चेन क्युएफएक्स सिनेमाजले बुधबार आफ्नो आधिकारिक वेबसाइटमार्फत फिल्मलाई 'सुपरहिट' घोषणा गरेको हो । कात्तिक २६ गतेदेखि देशभर प्रदर्शनमा आएको फिल्मले क्युएफएक्सका हलबाट मात्रै एक करोड ५० लाख रुपैयाँभन्दा बढी ग्रस कमाइ गरेपछि उक्त मान्यता पाएको हो । फिल्मले प्रदर्शनको पहिलो साताको अवधि पूरा नहुँदै क्युएफएक्सले निर्धारण गरेको सुपरहिटको मापदण्ड पार गरेको छ ।

क्युएफएक्सले आफ्ना हलबाट प्रदर्शनको पहिलो सातामै एक करोड ५० लाख रुपैयाँभन्दा बढी ग्रस कमाइ गर्ने फिल्मलाई सुपरहिटको ट्याग दिने गरेको छ । त्यस्तै, दुई साताभित्र दुई करोड ५० लाख रुपैयाँभन्दा बढी कमाइ गर्ने फिल्मले पनि यो मान्यता पाउने व्यवस्था छ । यस आधारमा 'बाटुलो जून'ले प्रदर्शनको सुरुवाती दिनमै दर्शकको राम्रो साथ पाएको देखिएको छ । विशेषगरी मल्टिप्लेक्समा फिल्मले प्राप्त गरेको दर्शकको प्रतिक्रियाले यसको व्यावसायिक सफलतालाई थप बल पुऱ्याएको छ ।

फिल्मको आधिकारिक बक्स अफिस कमाइ भने सोमबार सार्वजनिक हुने जनाइएको छ । हालसम्म सार्वजनिक भएको कमाइ विवरण क्युएफएक्सका हलमा भएको व्यापारमा आधारित छ ।

यसअघि रामबाबु गुरुङ निर्देशित 'कबड्डी ५ : आफ्टर द फाइनल म्याच'ले प्रदर्शनको तेस्रो दिनमै क्युएफएक्सबाट सुपरहिटको ट्याग पाएको थियो । यसै वर्ष प्रदर्शनमा आएका 'गौंथली' र 'पेन्सन पट्टा'ले भने दोस्रो सातामा यस्तो मान्यता प्राप्त गरेका थिए । अनमोल केसी र प्रिन्सी खतिवडा मुख्य भूमिकामा रहेको 'बाटुलो जून' प्रिन्सीको डेब्यु फिल्मसमेत हो । यस फिल्ममार्फत उनले अभिनेत्रीका रूपमा नेपाली चलचित्र क्षेत्रमा प्रवेश गरेकी छन् ।

फिल्ममा निर्देशक भुवन केसीसँगै गरिमा पन्त, न्यान्सी खड्का, प्रकाश घिमिरे, लक्ष्मीनाथ तिमिल्सिना र लक्ष्मी गिरीलगायत कलाकारको अभिनय रहेको छ । अनुभवी कलाकार र नयाँ पुस्ताका कलाकारलाई एकसाथ प्रस्तुत गरिएको फिल्मले दर्शकमाझ चासो बढाएको छ ।

'सिन्दुरे जात्रा'को टिजर

प्रेमदेखि धोका र पीडासम्मको कथा



काठमाडौं/मस– चलचित्र 'सिन्दुरे जात्रा'को टिजर सार्वजनिक भएको छ । निर्माण पक्षले यसअघि 'बाँसैको सुप्लाखे' गीत सार्वजनिक गरेको थियो भने बुधबार चलचित्रको टिजर दर्शकमाझ ल्याएको हो ।

सार्वजनिक टिजरमा चलचित्रका मुख्य कलाकार विजय बराल, अञ्जना बराइली र विनोद न्यौपाने देखिएका छन् । मौलिक नेपाली संस्कृति र गाउँले परिवेशबाट सुरु हुने टिजरमा प्रेम, विवाह, खुसी, धोका र वियोगका दृश्य समेटिएका छन् । सुरुवातमा विजय र अञ्जनाबीचको प्रेम र वैवाहिक जीवनको खुसी देखाइएको छ । त्यसपछि विनोद न्यौपानेको प्रवेशसँगै कथाले नयाँ मोड लिन्छ । उनको आगमनपछि विजयको वियोग र अञ्जनाले भोग्नुपरेको धोका तथा पीडालाई टिजरमा प्रस्तुत गरिएको छ ।

सरोज पौडेलको निर्देशनमा बनेको चलचित्रमा विजय बराल र अञ्जना बराइलीले दोस्रोपटक सँगै काम गरेका हुन् । यसअघि उनीहरूले सफल चलचित्र 'पूर्णबहादुरको सारंगी'मा सहकार्य गरेका थिए ।

चलचित्रमा विनोद न्यौपाने, उषा खड्गी, रामप्रसाद खनाल, लोकेन्द्र लेखक, कमलमणि नेपाल, भोला राज सापकोटालगायत कलाकारको अभिनय रहेको छ ।

सबिन अधिकारी र वसन्त न्यौपानेको पटकथा तथा संवाद रहेको चलचित्रको कथा निर्देशक पौडेल स्वयंले लेखेका हुन् । सारङ्गी फिल्म्सको प्रस्तुतिमा निर्माण भएको चलचित्रका निर्माता नेम महर्जन हुन् भने प्रशान्त सिवाकोटीले संगीत दिएका छन् । चलचित्र आगामी मंसिर १८ गते प्रदर्शनमा आउनेछ । यसको वितरण नेसनल सिने ग्रुप नेपालले गर्नेछ ।

कतारमा रोजगार कम्पनी : COMO FMS पूर्व स्वीकृत मिति: २०८३/०३/११ चलानी नं.: ६०२५७३५० LT. No.: 344012 शहर: DOHA पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Office Cleaner	77	0	सम्बन्धित कामना दक्ष	1000	४०५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Office Workers	0	24		1000	४०५५०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने स्याई जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशुल्क भिसा कसले व्यहोर्ने	भिसा स्टाम्पपेपर शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट अनुमतिको जानकारी :- १. आफ्नो नामना भिसा प्राप्त भईसके भित्रिएर भएपछि मात्र कम्पनीमा कार्य रजमन कुमाउन होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम गर्न जाने सुनुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कार्टिकालमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि नलिनुहोला । ४. विदेश जान् अघि अनिवार्यरुपमा वा इन्डमसन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जान् अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राम्रोसँग बोध गरे मात्र सम्मतिमा पक्का हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कानुना विदेश जाउँ भनेकाले विभिन्नबाधक प्रलोभ गर्नु होला, अन्यथा हामि सम्बन्धमा हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

WAHAA MANPOWERS SUPPLIER PVT. LTD.
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566, 9705779966
Email : wahaa.nepal@gmail.com
Gov Lic No.:469/060/061

QATAR मा रोजगार कम्पनी : PARAGON SHIPPING AND LOGISTICS W.L.L पूर्व स्वीकृत मितिः २०८३/०८/०१ चलानी नं.: ६०२६३५९२ शहर: QATAR LT. No.: 350539

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	ASSISTANT /HELPER/LABOUR	11	0	स. कामना दक्ष	1000	४०५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने स्याई जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशुल्क भिसा कसले व्यहोर्ने	भिसा स्टाम्पपेपर शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट अनुमतिको जानकारी :- १. आफ्नो नामना भिसा प्राप्त भईसके भित्रिएर भएपछि मात्र कम्पनीमा कार्य रजमन कुमाउन होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम गर्न जाने सुनुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कार्टिकालमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि नलिनुहोला । ४. विदेश जान् अघि अनिवार्यरुपमा वा इन्डमसन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जान् अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राम्रोसँग बोध गरे मात्र सम्मतिमा पक्का हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कानुना विदेश जाउँ भनेकाले विभिन्नबाधक प्रलोभ गर्नु होला, अन्यथा हामि सम्बन्धमा हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

VASTU MANAGEMENT SERVICE PVT.LTD.
Balkumari-09, Lalitpur, Nepal, Tel. : 01- 5200902/306/213, Mob.:9808772723 (Kiran Rai), 9815589009 (Sachin)
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com
श्रम इजाजत नं. ४२६/०६७/०६८

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०८।०३ गतेको मध्यान्ह राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखितको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः जगत्र देबी हार्डवेयर एण्ड सप्लायर्स **कर्जा शिर्षकः** चालुपूंजी कर्जा, डिमाण्ड कर्जा, क्यास क्रेडिट र आवधिक कर्जा

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा दर्ता रहेको), दर्ता नं.: ११९/५९९७/०७१/०७२, दर्ता मितिः २०७१/०४/२६, स्थायी लेखा नं.: ६०२३०७२१३, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ ।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

गणेश प्रसाद पाठकः ना.प्र.प.नं (जारी मिति/स्थान): ४६००१(२०५५/०४/१९/स्याङ्जा), बाजेको नामः हरिलाल पाठक, बाबुको नामः श्याम प्रसाद पाठक, ठेगानाः स्याङ्जा जिल्ला, जगत्रदेवी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताः

विमला गौतमः ना.प्र.प.नं (जारी मिति/स्थान): ४५६०९(२०६१/०८/०७/गुल्मी), बाबुको नामः माधव प्रसाद गौतम, ससुराको नामः श्याम प्रसाद पाठक, पतिको नामः गणेश प्रसाद पाठक, ठेगानाः गुल्मी जिल्ला, जुभुङ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ ।

२. ऋणीको नामः गणेश प्रसाद पाठक **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ४६००१(२०५५/०४/१९/स्याङ्जा), बाजेको नामः हरिलाल पाठक, बाबुको नामः श्याम प्रसाद पाठक, ठेगानाः स्याङ्जा जिल्ला, जगत्रदेवी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ ।

व्यक्तिगत जमानतकर्ताः

विमला गौतमः ना.प्र.प.नं (जारी मिति/स्थान): ४५६०९(२०६१/०८/०७/गुल्मी), बाबुको नामः माधव प्रसाद गौतम, ससुराको नामः श्याम प्रसाद पाठक, पतिको नामः गणेश प्रसाद पाठक, ठेगानाः गुल्मी जिल्ला, जुभुङ गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ ।

ऋणी जगत्र देबी हार्डवेयर एण्ड सप्लायर्स र ऋणी गणेश प्रसाद पाठकको लागि धितो लेखिदिएको सम्पत्तिको विवरणः

हरिलाल पाठकको नाति, श्याम प्रसाद पाठकको छोरा, स्याङ्जा जिल्ला, जगत्रदेवी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ बस्ने **गणेश प्रसाद पाठक**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४घ स्थित कि.नं. २१४ को क्षेत्रफल ३३८.५८ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापाात समेत ।

ऋणी गणेश प्रसाद पाठकको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

हरिलाल पाठकको नाति, श्याम प्रसाद पाठकको छोरा, स्याङ्जा जिल्ला, जगत्रदेवी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ बस्ने **गणेश प्रसाद पाठक**को नाममा मालपोत कार्यालय बुटवल, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, मकहर गा.वि.स/न.पा. वडा नं. ५, नक्सा सिट नं. ५ख स्थित कि.नं. १३८० र १३७७ को क्षेत्रफल क्रमशः १६९.३२ र १६९.३२ व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापाात समेत ।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असूली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

ओमनमा रोजगार कम्पनी: Binzagr for Industry And Manintenance Company पूर्व स्वीकृत मितिः २०८३/०८/०२ चलानी नं.: ६०२६३५०५ शहर: OMAN LT. No.: 350516

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब OR	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	SCAFFOLDING FIXER	8	0	सम्बन्धित कामना दक्ष	120	४६५२०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Construction of Steel Construction Worker	7	0		120	४६५२०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने स्याई जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशुल्क भिसा कसले व्यहोर्ने	भिसा स्टाम्पपेपर शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	निःशुल्क

वैदेशिक रोजगार विभागबाट अनुमतिको जानकारी :- १. आफ्नो नामना भिसा प्राप्त भईसके भित्रिएर भएपछि मात्र कम्पनीमा कार्य रजमन कुमाउन होला । कुनैपनि रकमको भौचर अनिवार्य लिनु होला । २. आफ्नु काम गर्न जाने सुनुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कार्टिकालमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि नलिनुहोला । ४. विदेश जान् अघि अनिवार्यरुपमा वा इन्डमसन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जान् अघि आफ्नु जाने मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानकारी राम्रोसँग बोध गरे मात्र सम्मतिमा पक्का हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कानुना विदेश जाउँ भनेकाले विभिन्नबाधक प्रलोभ गर्नु होला, अन्यथा हामि सम्बन्धमा हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, सहायतामा सम्पर्क गर्नु होला ।

Miracle Employment Service (P.) Ltd
Po.Box: 20525, Baluwatar, Kathmandu, Nepal, Tel.: 01-4515239, 01-4516930 , 9841129358 (Buddha Laxmi Maharjan) Email: info@miraclenepal.com
श्रम इजाजत पत्र नं.: ७५८/०६४/०६५

यूएईमा रोजगार कम्पनी : SERVEU पूर्व स्वीकृत मितिः २०८२/०२/१८ चलानी नं.: ६०२३८५६३ शहर: UAE,DUBAI पुन विज्ञापन LT. No.: 324937

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Gardener	0	38	सम्बन्धित कामना दक्ष	900	३६५७६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaner General	109	0		800	३२५१२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।

स्वदेशमा बस्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने	विदेशमा बस्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने स्याई जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	निशुल्क भिसा कसले व्यहोर्ने	भिसा स्टाम्पपेपर शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
